# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

३८

पूर्णाङ्क

संशोधन—मण्डल

का. मे. अ. द. नं. १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलोकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

–बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा

(इतिहास–प्रधान त्रैमासिक पत्रिका)

१०
वर्ष

२
अङ्क

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
देवीप्रसाद भण्डारी
(संशोधन–मण्डलद्वारा)

सहयोगी–
रामजी तेवारी

यस अङ्कको मूल्य रु. ७।

## विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| १. शङ्करमान राजवंशी अब अनुचित काम पनि गर्न लागेछन् | – नयराज पन्त | ३९–४७ |
| २. ब्रह्मसिद्धान्तअनुसार वि. सं. ६४१ वैशाखमा अधिमास पर्दैन | – नयराज पन्त | ४७–५४ |
| ३. नेपाल राजकीय पञ्चाङ्गनिर्णायकसमिति राम्ररी काम गर्दैन | – रामजी तेवारी<br>देवीप्रसाद भण्डारी | ५४–५७ |
| ४. मेरो लामो वय बितिगयो एकनासे भएर | – नयराज पन्त | ५७–५९ |
| ५. विषम घटना | – नयराज पन्त | ५९ |
| ६. श्रीसूर्यविक्रम ज्ञवालीज्यूको पृथ्वीनारायण शाह (परिवद्धित तथा संशोधित) को विषयमा | – दिनेशराज पन्त | ६०–७१ |
| ७. नरेन्द्र मल्लका मन्त्री कुसुमराजले स्थापना गरेको धातुको चतुर्मूर्ति विष्णुको अप्रकाशित अभिलेख | – महेशराज पन्त | ७२–७४ |
| ८. महेन्द्र मल्लको विषयमा केही कुरा | – महेशराज पन्त | ७४–८९ |
| ९. शिवसिंहसँगै देखिएका रणजित्सिंह को हुन् ? | – महेशराज पन्त | ८९–९० |
| १०. के उद्धवसिंहको नाउँ वि. सं. १६२६ पछि र नरसिंहको चाहिँ वि. सं. १६३२ पछि सुनिँदैन त ? | – महेशराज पन्त | ९०–९२ |
| ११. आत्मसंशोधन | | ९३ |

# शङ्करमान राजवंशी अब अनुचित काम पनि गर्न लागेछन्

– नयराज पन्त

## प्राक्कथन

धनवज्र् वज्राचार्यले भरखर प्रकाशित भएको, आफ्नो लिच्छविकालका अभिलेखनामक ग्रन्थ वि. सं. २०३० गुरुपूर्णिमाको दिन ल्याई मलाई दिए। सो ग्रन्थमा

> संवत्‌को निर्णयको लागि श्रीशङ्करमान राजवंशीले यस अभिलेखको तिथिमितिको गणना अनेक किसिमले गर्नुभएको छ। उहांले एउटा निष्कर्ष पनि निकाल्नुभएको छ। तर यस विषयमा अझ गहन अन्वेषण हुनु जरूरी छ जस्तो लागेकोले उहाँले गर्नुभएको गणनाको विवरण यहां दिइएन।
>
> (३१९ पृ.)
>
> ... संवत् ३०१ ... नेपालसंवत् शुरू हुनुभन्दा ३ वर्ष पहिले सो लेखिएको हुनाले ...
>
> (५९९ पृ.)

लेखिएको देखता नेपालसंवत् प्रारम्भ हुनुभन्दा ३०४ वर्षपहिले चलेको संवत् (वि. सं. ६३३ देखि उठेको संवत्) नै अंशुवर्माहरूले मानेको कुरा धनवज्रले सकारेका रहेछन्; शङ्करमानको विचारचाहिँ अर्कै रहेछ भन्ने कुरो मेरो मनमा चढ्यो। शङ्करमानको पुस्तकको प्रतीक्षामा म रहेँ।

शङ्करमान राजवंशीले भरखर प्रकाशित भएको, आफ्नो लिच्छविकालको निष्कर्षनामक पुस्तक दिनेशराज पन्तद्वारा वि. सं. २०३० मार्गमा मकहाँ पठाइदिए। सो पुस्तकमा

> माथिको गणनाबाट अंशुवर्माले ब्रह्मसिद्धान्त अनुसार पंचाङ्ग मान्दा रहेछन् भन्ने देखियो।
>
> (१७ पृ.)
>
> ... ५०४ शकदेखि ... ५१९ शक सम्म अंशुवर्माको समय हुने भयो।
>
> (२३ पृ.)

लेखिएको देखता वि. सं. ६३९ देखि ६५४ सम्म अंशुवर्माले शासन गरे; ब्रह्मसिद्धान्तअनुसारको पञ्चाङ्ग अंशुवर्मा मान्थे भनी शङ्करमानले सिद्ध गरेका रहेछन् भन्ने कुरा स्पष्ट भयो।

ब्रह्मसिद्धान्तअनुसारको पञ्चाङ्गका प्रवर्तक ब्रह्मगुप्त हुन्; उनको जन्म वि. सं. ६५५ मा भएको हो; यस कारण ब्रह्मगुप्त नजन्मँदै उनको सिद्धान्त चल्न नसक्ने हुनाले शङ्करमानको यो लेख अशुद्ध हो भन्ने मेरो मनमा पऱ्यो ।

चाँगुको मानदेवको अभिलेखमा

(रो)हिणीनक्षत्त्रयुक्ते चन्द्र(म)सि

भन्ने लेखिएको छ ।

त्यसको अर्थ भगवान्लाल, फ्लीट, लेभी, बाबुराम + नयराज सबैले रोहिणी नक्षत्रमा चन्द्रमा बसेमा भनी गरेका छन् ।

> ···'चन्द्रमसि'को अर्थ सोमवार भन्ने कुरा स्पष्ट खुल्न आएको छ । यसले रोहिणी नक्षत्रले युक्त भएको चन्द्रमा भन्ने अर्थ होइन भन्ने सिद्ध गर्छ ।
>
> (लिच्छविसंवत्को निष्कर्षको २७ पृ.)

यस्तो लेखिएको देख्ता

अथ पुंसवनम् ।।१।। यदहः पुंसा नक्षत्रेण चन्द्रमा युज्येत तदहः ··· ।।३।।

(पारस्करगृह्यसूत्र १ काण्ड १४ कण्डिका)

यसको अर्थ शङ्करमानको विचारअनुसार पुरुषनक्षत्र परेको सोमवार पुंसवन गर्नू भन्ने गर्नुपऱ्यो । परन्तु सोमवार पुंसवन नगर्नू भन्ने स्पष्ट वचन पाइन्छ । यस कारण शङ्करमानले गरेको अर्थ अशुद्ध हो भन्ने मेरो मनमा पऱ्यो ।

शङ्करमानलाई यस कुराको सूचना दिनु बढिया हो भनी दिनेशराजद्वारा मैले सूचना पनि दिएँ । तर यसको फल केही भएन ।

शङ्करमानको लिच्छविसंवत्को निष्कर्षको आलोचना गरी भुवनलाल प्रधानजीको एक लेख मदनपुरस्कार-गूठीको मुखपत्र नेपाली ६१ पूर्णाङ्कमा (वि. सं. २०३१ कार्तिक, मङसीर, पूसको अङ्कमा) छापियो पनि । वादविवाद पनि चल्यो । शङ्करमानले लामो कुरा गरे तापनि भुवनलालजीका शङ्काका उत्तर आएनन् ।

नेपालको इतिहाससँग मेरो घनिष्ठ सम्बन्ध भएकोले लिच्छविसंवत्को निष्कर्षको विषयमा मानिसहरू मसँग प्रश्न पनि गर्न लागे ।

वि. सं. २०३२ को टीकामा देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, महेशराज पन्त र दिनेशराज पन्तको अगाडि शङ्करमानलाई पुस्तकहरू देखाई यस विषयमा सम्झाइदिएको थिएँ । शङ्करमानले सम्झिहाल्छन् कि भनी मैले सम्झेको थिएँ । आखिर नसम्झेकाले वि. सं. २०३३ कार्तिकमा पूर्णिमा ३५ अङ्कमा लिच्छविसंवत्को निष्कर्षको परीक्षानामक निबन्ध मैले प्रकाश गराएँ । वि. सं. २०३४ आषाढमा पूर्णिमा ३६ अङ्कमा

लिच्छविसंवत्को निष्कर्षमा दिइएको वि. सं. ६४१ को मेषसङ्क्रान्ति अशुद्ध छ भन्ने देवीप्रसाद भण्डारीको निबन्ध प्रकाशित भयो। सोही अङ्कमा दिनेशराज पन्तको चाँगुको अंशुवर्माको अभिलेखको तिथिमितिको गणना भन्ने निबन्ध पनि प्रकाशित भयो। त्यस निबन्धमा वि. सं. ६३३ देखि उठेको मानदेवसंवत् मानी गणना गर्दा चाँगुको अंशुवर्माको अभिलेखमा दिइएका महीना, तिथि, वार, नक्षत्र मिल्छन् भनी सिद्ध गरिएको छ।

यही वि. सं. २०३४ गुरुपूर्णिमाको दिन पनि रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, धनवज्र वज्राचार्य, महेशराज पन्त, दिनेशराज पन्तहरूको अगाडि शङ्करमान राजवंशीलाई यस विषयमा मैले फेरि सम्झाएको हुँ।

पुरातत्त्वविभागको मुखपत्र प्राचीन नेपालको ४० सङ्ख्याका ६–१२ पृष्ठमा शङ्करमान राजवंशीको सैद्धान्तिक एक निष्कर्ष भन्ने निबन्ध हालै छापिएको देखियो। त्यो हेर्दा अब मेरो लेखा दुइ बाटा नै रहे। शङ्करमानले जे भने, त्यसमा युक्ति भए पनि नभए पनि त्यही कुरालाई हामीले प्रभुवाक्य सम्झी मान्नुपऱ्यो अथवा नेपालको इतिहासलाई भाँडिन नदिन सकेसम्म उद्योग गर्नुपऱ्यो। यसमा मैले दोस्रो बाटो लिएको छु। वि. सं. २००९ देखि इतिहास– संशोधनलाई मैले यही बाटोमा डोऱ्याएको छु।

चाँगुको अंशुवर्माको अभिलेखमा[1] संवत् ३१ माघशुक्ल त्रयोदशी आदित्यवार पुष्यनक्षत्र भनी लेखिएको छ।

भक्तपुर इनाचोको अभिलेखमा[2] संवत् ३१ द्वितीयपौषशुक्ल अष्टमी भनी लेखिएको छ।

कलियुगमा २००० वर्षसम्म युधिष्ठिरसंवत् चल्छ; त्यसपछि ८०० वर्षसम्म नन्दसंवत् चल्छ; त्यसपछि १३२ वर्षसम्म चन्द्रगुप्तसंवत् चल्छ; त्यसपछि २४७ वर्षसम्म शूद्रकदेवसंवत् चल्छ; त्यसपछि ४९८ वर्षसम्म शकसंवत् चल्छ भनी सुमतितन्त्रको ताडपत्रको २ ख पत्रमा प्राचीन लिपिमा थपघट नगरी स्पष्टसँग लेखिएको छ[3]। यताबाट शक ४९८ (वि. सं. ६३३) देखि नयाँ संवत् चल्यो भन्ने कुरा सुमतितन्त्रको मूल भागबाट स्पष्टसँग आउँछ।

अंशुवर्माको चाँगुको अभिलेखको संवत् ३१ लाई सुमतितन्त्रअनुसार वि. सं. ६३३ देखि उठेको संवत् मान्दा सो अभिलेखको संवत् वि. सं. ६६४ हुन आउँछ। वि. सं. ६६४ मा माघशुक्ल त्रयोदशी आदित्यवार पुष्यनक्षत्र पर्छ भन्ने कुरो वेङ्कटेश केतकरका ग्रन्थबाट गणना गर्दा सिद्ध हुन्छ[4]।

---

१. यो अभिलेख सर्वप्रथम धनवज्र वज्राचार्यद्वारा प्रकाशित भएको हो।

२. यो अभिलेख सर्वप्रथम मोहनप्रसाद खनालद्वारा प्रकाशित भएको हो।

३. प्राचीन नेपाल ४० सङ्ख्यामा छापिएको शङ्करमान राजवंशीको लेखमा दिइएको सुमतितन्त्रको चित्र।

४. पूर्णिमा ३६ अङ्कको २७५ पृ.

सुमतितन्त्रमा अहर्गण ल्याउने ६ वटा प्रकार दिइएका छन् । सुमतितन्त्रमा बताइएका ती ६ वटै प्रकारबाट गणना गर्दा वि. सं. ६६४ माघशुक्ल त्रयोदशी आदित्यवार पर्छ[५] ।

सुमतितन्त्रमा तिथि, नक्षत्र ल्याउने धेरै रीति दिइएका छन् । ती सबै रीतिबाट गणना गर्दा वि. सं. ६६४ माघशुक्ल त्रयोदशी आदित्यवार पुष्यनक्षत्र आउँछ । ती सबै गणना हामीले गरेका छौं । पूर्णिमाका पछि आउने अङ्कमा ती गणना दिइनेछन् ।

सुमतितन्त्र नेपालमै बनेको हो[६] । सुमतितन्त्रका मूलाङ्क र खण्डखाद्यक तथा भास्वतीका मूलाङ्क उनै छन् । सुमतितन्त्रका केही भागको प्राचीन नेवारी अनुवाद पाइन्छ । खण्डखाद्यक, भास्वतीका नेपाली तथा नेवारी प्राचीन अनुवाद पाइन्छन् । पञ्चाङ्ग गर्न उपयुक्त हुने, सुमतितन्त्रको केही भागको नेवारी अनुवाद भएको ठ्यासफु मेरो सङ्ग्रहमा छ । यो ठ्यासफु वि. सं. १७९४ मा लेखिएको हो । यस कारण वि. सं. १७९४ सम्म पनि सुमतितन्त्रअनुसारको पञ्चाङ्ग नेपालमा चलेको थियो भन्ने देखिन्छ । यी कुरालाई पूर्णिमाका पछिल्ला अङ्कहरूमा विस्तारपूर्वक लेख्नेछु ।

वि. सं. ६३३ देखि उठेको संवत्को विषयमा उठाइएका शङ्काका उत्तर पनि पूर्णिमाका आगामी अङ्कमा दिइनेछन् ।

लेख तयार छन् । पूर्णिमाको अवस्थाले ती लेख यस अङ्कमा प्रकाश गर्न सम्भव भएन ।

मैले गरेको खेसालाई साफी गरी छापाखानामा पठाउन हुने गरिदिएकोमा नानी महेशराज पन्तलाई धन्यवाद छ ।

✲

**वि. सं. १९५३ मा शङ्कर बालकृष्ण दीक्षित[७]**

... वैदिककालीन और वेदाङ्गकालीन ज्योतिषज्ञान उस समय की दृष्टि से बहुत है, परन्तु ग्रहों की स्पष्टगतिस्थिति का ज्ञान कराने के लिए वह अपर्याप्त है । कुछ

---

५. वि. सं. २०३४ मा त्रिभुवनविश्वविद्यालयको संस्कृत अध्ययनसंस्थानको वाल्मीकिविद्यापीठद्वारा प्रकाशित मर्यादा १३ अङ्कमा छापिएको नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्तको सुमतितन्त्रबाट नेपालको इतिहासमा पर्न सक्ने प्रकाश भन्ने निबन्ध, सो अङ्कका ८–४१ पृ.

६. वि. सं. २०३३ मा प्रकाशित मर्यादा १२ अङ्कमा छापिएको नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्तको सुमतितन्त्रको केही परिचय भन्ने निबन्ध, सो अङ्कका ५४–६३ पृ.

७. शङ्कर बालकृष्ण दीक्षितको भारतीय ज्योतिःशास्त्र मराठी भाषामा छ । यस ग्रन्थको हिन्दी अनुवाद शिवनाथ झारखण्डीद्वारा भएको छ । सो हिन्दी अनुवाद भारतीय ज्योतिष भन्ने नाउँले भारतको उत्तरप्रदेशको प्रकाशन ब्यूरो सूचनाविभागद्वारा प्रकाशित भएको छ । यहाँ सोही हिन्दी अनुवादका अंश उद्धृत गरिएका छन् ।

ग्रन्थ इन दोनों के मध्यवर्ती काल के भी होने चाहिए। कुछ संहिताग्रन्थ ऐसे होंगे भी, परन्तु वे सम्प्रति उपलब्ध नहीं हैं। हों तो भी मैने नहीं देखे हैं। ज्योतिषसिद्धान्तकाल और उससे प्राचीन काल के ज्योतिषज्ञानका कुछ पारस्परिक सम्बन्ध दिखलाया जा सकता है। आगे उसका विवेचन किया भी जायगा, परन्तु इस बातका पता नहीं लगता कि ग्रहों की स्पष्टगतिस्थिति लाने की उच्चस्थिति तक ज्योतिषज्ञान क्रमशः कैसे आया। प्राचीन लोगो नें वेध कैसे किये और प्रत्येक वेध का सूक्ष्म निरीक्षण करते हुए उन्होंने गतिमान किस भाँति निश्चित किये। ज्योतिष के प्राचीन सिद्धान्त ग्रन्थों में यह ज्ञान एकाएक अत्यन्त उच्चस्थिति में पहुँचा हुआ दिखाई देता है। उसे जिन्होंने यहां तक पहुँचाया उन पुरुषों के विषय में एक प्रकार की अलौकिकता मालूम होना बिलकुल स्वाभाविक है और सचमुच इसी कारण ग्रहगणित के अत्यन्त प्राचीन ग्रन्थ अपौरुषेय समझे जाते हैं। अलौकिक मानने के कारण उन ग्रन्थों में वेधादि का वर्णन न होना सयुक्तिक ही है, उसका एक और भी प्रबल कारण यह है कि, उस समय, जहां तक हो सकता था, लोग संक्षिप्त ग्रन्थ लिखने का प्रयत्न करते थे क्योंकि ऐसा करने से ग्रन्थों को ध्यान में रखना सुगम होता है। इसीलिए गणित-ग्रन्थों में केवल ग्रहगति के सिद्धान्त ही लिखे हैं। ग्रन्थका विस्तार होने के भय से उन सिद्धातों की उपपत्ति नहीं लिखी है।

(भारतीय ज्योतिष २०९–२१० पृष्ठ)

### वि. सं. २०३४ मा शङ्करमान राजवंशी

वैदिककाल र वेदाङ्गकालको ज्योतिषज्ञान त्यस समयको दृष्टिले ठूलो भन्नुपर्छ। तर ग्रहहरूको स्पष्ट स्थितिको ज्ञान गराउनका निमित्त भने पर्याप्त छैन। केही ग्रन्थ यी दुईको मध्यवर्तीकालका पनि हुन सक्छन्। कुनै संहिता ग्रन्थमा भए तापनि अहिले उपलब्ध छैनन्। ज्योतिषसिद्धान्त काल र त्यो भन्दा प्राचीन कालको ज्योतिष-ज्ञानमा पारस्परिक सम्बन्ध अवश्यै हुनु पर्छ भन्ने हाम्रो मनले देख्छ। तर यो भन्न सक्दैनौ कि ग्रहहरूको स्पष्ट गति स्थिति ल्याउने उच्च स्थिति सम्ममा ज्योतिषज्ञान क्रमशः कसरी आयो, प्राचीनकालमा मानिसले वेध कसरी गरे, प्रत्येक वेधको सुक्ष्म निरीक्षण गरी उनीहरूले गतिमान कुन तरहले निश्चित गरे। ज्योतिषको प्राचीन सिद्धान्त ग्रन्थमा यो ज्ञान एकाएक अत्यन्त उच्च स्थितिमा पुगेको देखा पर्दछ। यो जसले पुऱ्यायो त्यसलाई अलौकिक मान्नु कर लाग्छ। त्यसैले ग्रहगणितको अत्यन्त प्राचीन अपौरूषेय मानिन्छ। अलौकिक मान्नाको कारण त्यस ग्रन्थमा वेधादिको वर्णन नहुनु हो। त्यसको एक अर्को प्रवल कारण यो पनि हुन सक्छ कि त्यस समय जहां सम्म हुन सक्छ तिनीहरू संक्षिप्त ग्रन्थ नै लेख्नमा प्रयत्न गर्दथे किनभने यसो गर्दा ग्रन्थ कन्ठ गर्न

सजिलो हुन्थ्यो । त्यसैले गणित ग्रन्थमा केवल ग्रहगतिको सिद्धान्त मात्र लेखी ग्रन्थ ठूलो हुने भयले उनीहरूले सिद्धान्तको उपपत्ति नदिएको हुन सक्छ ।

(प्राचीन नेपाल ४० सङ्ख्या ६ पृष्ठ)

वि. सं. १९५३ मा शङ्कर बालकृष्ण दीक्षित

प्रथम आर्यभट ने दशगीतिका के आरम्भ में निम्नलिखित मङ्गलाचरण किया है ।

प्रणिपत्यैकमनेकं कं सत्यां देवतां परं ब्रह्म ।
आर्यभटस्त्रीणि गदति गणितं कालक्रियां गोलम् ।।

यहां 'क' अक्षर द्वारा पितामह और परब्रह्म की वन्दना की गयी है और अन्त की "आर्यभटीयं नाम्ना पूर्वं स्वायंभुवं सदा सद्यत्" इस आर्या में तो आर्यभटीयको साक्षात् स्वायंभुव (ब्रह्मा) का शास्त्र कहा है । इस से आर्यभटकाल (शके ४२०) की अपेक्षा पितामहसिद्धान्त का अत्यधिक प्राचीनत्व सिद्ध होता है ।

ब्रह्मगुप्त (शके ५५०) ने अपने सिद्धान्त में लिखा है-

ब्रह्मोक्तं ग्रहगणितं महता कालेन यत् खिलीभूतम् ।
अभिधीयते स्फुटं तत् जिष्णुसुतब्रह्मगुप्तेन ।।२।।

अध्याय १।

बहुत समय व्यतीत हो जाने के कारण ब्रह्मोक्त ग्रहगणित शिथिल हो गया है । उसे जिष्णुसुत ब्रह्मगुप्त स्पष्ट कर रहे हैं ।

आजकल तीन ब्रह्मसिद्धान्त प्रसिद्ध हैं । एक ब्रह्मगुप्त का ब्रह्मसिद्धान्त, दूसरा शाकल्योक्त ब्रह्मसिद्धान्त और तीसरा विष्णुधर्मोत्तरपुराणान्तर्गत ब्रह्मसिद्धान्त । विष्णुधर्मोत्तरब्रह्मसिद्धान्त और शाकल्योक्त ब्रह्मसिद्धान्त ब्रह्मगुप्त के ब्रह्मसिद्धान्त से प्राचीन नहीं है । मेरे मत में वे दोनों इसकी अपेक्षा नवीन हैं । आगे इसका विचार किया जायगा । इन दोनों को ब्रह्मगुप्त के ब्रह्मसिद्धान्त से प्राचीन मान लें तो भी यह निश्चित है कि उपर्युक्त आर्या में ब्रह्मगुप्त ने ब्रह्मोक्त ग्रहगणित के विषय में जिस ब्रह्मसिद्धान्त को खिल (अशुद्ध) कहा है वह इन दोनों से भिन्न है क्योंकि शाकल्योक्त ब्रह्मसिद्धान्त के मूलतत्त्व सर्वात्मना आधुनिक सूर्यसिद्धान्त के समान हैं अर्थात् उसके विषय में कहा जा सकता है कि वह अभी भी खिल नहीं हुआ है और आगे चलकर यह सिद्ध करेंगे कि विष्णुधर्मोत्तरब्रह्मसिद्धान्त का ब्रह्मगुप्तसिद्धान्त से साम्य नहीं है । अतः मानना पडता है कि वह खिल सिद्धान्त पञ्चसिद्धान्तिकोक्त पितामहसिद्धान्त ही होना चाहिए । वेदाङ्गज्योतिष में सूर्य और चन्द्रमा के अतिरिक्त अन्य किसी ग्रह का गणित नहीं है और पञ्चसिद्धान्तिकोक्त पितामहसिद्धान्त में भी केवल सूर्य और

चन्द्रमा का ही गणित है। सब ग्रहों का गणित वराहमिहिर ने पांचों सिद्धान्तों में से सूर्यसिद्धान्तोक्त ही लिखा है। पितामहसिद्धान्तोक्त ग्रहगणित के विषय में कुछ भी नहीं लिखा है तथापि ब्रह्मगुप्त के कथनानुसार उसमें ग्रहगणित होना चाहिए। अधिक काल व्यतीत हो जाने से दृक्प्रतीति के विरुद्ध होने के कारण वराहमिहिर ने उसे नहीं लिखा होगा। ब्रह्मगुप्त के पूर्व पञ्चसिद्धान्तिकोक्त पितामहसिद्धान्त से भिन्न अन्य कोई पितामह होने की संभावना नहीं है, अतः सिद्ध हुआ कि ब्रह्मगुप्त ने पञ्चसिद्धान्तिकोक्त पितामहसिद्धान्त के ही उद्देश्य से 'ब्रह्मोक्तं ग्रहगणितम्' इत्यादि लिखा है। उनके कथनानुसार उसे बने बहुत दिन बीत चुके। अतः उसका रचनाकाल शककाल से बहुत प्राचीन होना चाहिए।

आर्यभट और ब्रह्मगुप्त ने पितामहसिद्धान्त का जो इतना आदर किया है, वह औपचारिक मालूम होता है क्योंकि उनके सिद्धान्तों का पञ्चसिद्धान्तिकोक्त पितामहसिद्धान्त से कुछ भी साम्य नहीं है। ब्रह्मगुप्त ने तो एक जगह पञ्चवर्षात्मक युगपद्धति में स्पष्टतया दोष दिखलाया है जो कि वेदाङ्गज्योतिषविचार में लिखा जा चुका है, परन्तु यह कथन इस बात का कि 'इन दोनों के पहिले पितामहसिद्धान्त नाम का कोई सिद्धान्तग्रन्थ था' बाधक नहीं होगा।

**(भारतीय ज्योतिष २१२–२१४ पृष्ठ)**

**वि. सं. २०३४ मा शङ्करमान राजवंशी**

...यी आर्यभटले दशगीतिकाको आरम्भमा निम्न लिखित मङ्गलाचरण लेखेका छन्:

प्रणिपत्यैकमनेकं कं सत्यां देवतां परं ब्रह्म।
आर्यभट स्त्रीणि गदति गणितं कालक्रियां गोलम्॥

(एक तथा अनेक स्वरूप परब्रह्मलाई सत्य स्वरूप देवतालाई पितामहलाई ढोगेर आर्यभटले गणित, कालक्रिया र गोलविद्या गरी तीन कुरा बताउँछन्।)

यहाँ (क) अक्षरद्वारा पितामहलाई वन्दना गरेको छ। त्यस कारण आर्यभट भन्दा पितामहसिद्धान्त प्राचीन भन्ने सिद्ध हुन्छ। वि. सं. ६८५ मा ब्रह्मगुप्तले ब्रह्मस्फुट सिद्धान्त ग्रन्थको निर्माण गरे। तिनले प्राचीन ग्रन्थ संशोधन गरेको कुरा आफ्नो ग्रन्थमा यसरी लेखेका छन्। जस्तै–

ब्रह्मोक्तं ग्रहगणितं महता कालेन यत् खिलीभूतम्।
अभिधीयते स्फुटं तत् जिष्णुसुतब्रह्मगुप्तेन॥२॥

(अध्ययन १)

(धेरै काल वितेको हुनाले जुन ब्रह्मोक्त ग्रहगणित (ब्रह्मसिद्धान्त) शिथिल भयो, त्यो कुरा जिष्णुगुप्तका छोरा ब्रह्मगुप्तले स्पष्ट गरी बताउँछन् ।)

यी ब्रह्मगुप्तले आर्यभटको ग्रन्थमा पनि संशोधन गरेको कुरो आफ्नो उक्त ग्रन्थमा उल्लेख गरेका छन् । जस्तै–

पौलिशरोमकवाशिष्ठसौरपैतामहेषु यत्प्रोक्तम् ।
तन्नक्षत्रनयनं नार्यभटोक्त तदुक्तिरतः ।।४६।।

(अध्याय १४)

(पौलिश, रोमक, वाशिष्ठ, सौर, पैतामह (सिद्धान्त) मा वताइएको नक्षत्रानयन आर्यभटले लेखेनन् । यसकारण त्यसलाई म लेख्दछु )

यसरी पछिका विद्वान्हरूले प्राचीन ग्रन्थमा संशोधन गर्दै आफ्नो सिद्धान्त प्रतिपादन गरेका छन् । वेदाङ्ग ज्योतिषमा भौमादिग्रहका गणित छैन । तर ब्रह्मगुप्तको कथन अनुसार पितामह सिद्धान्तमा त्यसको अस्तित्व सिद्ध हुन्छ । यस कारण वेदाङ्ग ज्योतिषको केही काल पछि त्यो भन्दा शुद्ध पितामह सिद्धान्त बनेको हुनुपर्छ भन्ने सिद्ध छ र महत्व पनि छ । यदि पितामह सिद्धान्तोक्त भौमादिग्रहको गणित ज्ञान नहुंदो हो ता भारतीय ज्योतिष शास्त्रको वृद्धि क्रमशः कसरी भयो । यस कुराको जानकारी त्यसको सहायताबाट हुन्थ्यो भन्ने हुन्छ तर अहिले त्यो पितामहसिद्धान्तको मूलप्रति पाउन सम्भव छैन ।

पछिका ब्रह्मसिद्धान्त पनि तीन थरो पाइन्छन्; एउटा ब्रह्मगुप्तको सिद्धान्त, अर्को शाकल्योक्त ब्रह्मसिद्धान्त र विष्णु धर्मोत्तर पुराणान्तर्गत ब्रह्म सिद्धान्त । ब्रह्मगुप्तले आकाशको ग्रहस्थितिलाई हेरी प्राचीन ब्रह्मसिद्धान्तमा फरक पर्न आएको कुरा संशोधन गरेका छन् । प्राचीन ब्रह्मसिद्धान्त त्यस प्राचीन कालमा शुद्धै थियो । ब्रह्मगुप्तका पालामा आएर त्यो प्राचीन ब्रह्मसिद्धान्त संशोधन गर्नु पर्ने देखियो ।

**(प्राचीन नेपाल ४० सङ्ख्या ६–७ पृष्ठ)**

**पहिलो उद्धरणमा शङ्कर बालकृष्ण दीक्षितको वाक्यलाई शङ्करमानले खुरुखुरु अनुवाद गरेका छन्; दोस्रो उद्धरणमा आफ्नो विचारअनुसार शङ्करमानले थपघट गरेका छन् । शङ्कर बालकृष्ण दीक्षित तथा उनको ग्रन्थको उल्लेख शङ्करमानले आफ्नो लेखमा गरेका छैनन् ।**

**अब यस विषयमा केही लेखिन्छ ।**

**ब्रह्मसिद्धान्तअनुसारको पञ्चाङ्ग अंशुवर्मा मान्थे; अंशुवर्माको चाँगुको अभिलेखको समय वि. सं. ६४० हो भनी**

शङ्करमानले आफ्नो लिच्छविसंवत्को निष्कर्षको १३ पृष्ठमा लेखेका छन् ।

वि. सं. ६५५ मा ब्रह्मगुप्त जन्मेका हुन्; ब्रह्मगुप्तले आफ्नो ३० वर्षको उमेरमा (वि. सं. ६८५ मा) ब्राह्मस्फुटसिद्धान्त बनाएका हुन्; ब्रह्मगुप्त नजन्मँदै उनको सिद्धान्त चल्न नसक्ने हुनाले ब्रह्मसिद्धान्तअनुसारको गणित अंशुवर्माले मान्नु सम्भव छैन भनी मैले पूर्णिमा ३५ अङ्कका १७८–१७९ पृष्ठमा लेखेको थिएँ ।

मेरो सो लेखको खण्डन गर्न शङ्करमानले ब्रह्मसिद्धान्त अघिदेखि थियो भन्ने सिद्ध गर्न यहाँ कोशिश गरेका छन् । यसो गर्दा उनले शङ्कर बालकृष्ण दीक्षितको ग्रन्थको सहायता लिन खोजेका छन् ।

आर्यभट र ब्रह्मगुप्तले पितामहसिद्धान्तको जो आदर गरे, त्यो भक्तिप्रदर्शन मात्र हो; किनभने आर्यभटीय र ब्राह्मस्फुटसिद्धान्तको पितामहसिद्धान्तसँग केही पनि सदृशता छैन भनी दीक्षितले स्पष्ट बोलेका र तीनवटा ब्रह्मसिद्धान्तमध्ये ब्राह्मस्फुटसिद्धान्त नै सबभन्दा पुरानो हो भन्ने आफ्नो विचार लेखी अरू दुइवटा ब्रह्मसिद्धान्तको ब्राह्मस्फुटसिद्धान्तसँग साम्य छैन भन्ने कुरा पनि दीक्षितले स्पष्टसँग बोलेकाले त्यस भागको उद्धरण गर्दा आफ्नो अभीष्ट सिद्ध नहुने हुनाले शङ्करमानले सो भाग छोडिदिएका हुन् ।

शङ्कर बालकृष्ण दीक्षितको ग्रन्थबाट मैले यो सारेको हुँ भनी लेखेमा अरूले सो ग्रन्थ हेर्लान् र रहस्य खुल्ला भन्ने डरले शङ्करमानले शङ्कर बालकृष्ण दीक्षितको नाउँ नलिएका हुन् ।

अरूको ग्रन्थबाट उसको नाउँ नलिई सार्नु चोरी हो; उसको लेखबाट आउने भाव दबाउन खोज्नु बेईमानी हो । यसरी चोरी र बेईमानी दुवै कुरा गरे तापनि शङ्करमानले आफ्नो अभीष्ट सिद्ध गर्न सकेका छैनन् । किनभने सौरार्यब्राह्मपक्षीयतिथिगणितको ब्रह्मसिद्धान्त ब्राह्मस्फुटसिद्धान्त नै हो; त्यसैअनुसार शङ्करमानले गणना गरेका हुन्; त्यस कारण अंशुवर्माको पालामा सो गणित थियो भनी भन्न सकिँदैन भनी पूर्णिमा ३५ अङ्कका १८४–१८५ पृष्ठमा मैले उठाएको शङ्काको उत्तर शङ्करमानको लेखबाट आउँदैन ।

⊙

# ब्रह्मसिद्धान्तअनुसार वि. सं. ६४१ वैशाखमा अधिमास पर्दैन

—नयराज पन्त

ब्रह्मसिद्धान्तअनुसारको पञ्चाङ्गका प्रवर्तक ब्रह्मगुप्त हुन्; ब्रह्मगुप्तको जन्म वि. सं. ६५५ मा भएको हो; यस कारण वि. सं. ६४०–६४१ मा अंशुवर्माले ब्रह्मसिद्धान्तअनुसारको पञ्चाङ्ग मानेका थिए भनी शङ्करमानले जो लेखे, सो इतिहासविरुद्ध हो भनी मैले पूर्णिमा ३५ अङ्कका १७८–१७९ पृष्ठमा लेखेको छु ।

अब शङ्करमानको आग्रहअनुसार, वि. सं. ६४१ मा अंशुवर्माले ब्रह्मसिद्धान्तअनुसारको पञ्चाङ्ग मानेका थिए भनी स्वीकार गरे तापनि शङ्करमानले निकालेको गणितको निष्कर्ष आउँदैन भनी देखाउन यो निबन्ध प्रस्तुत गरिन्छ ।

ब्रह्मसिद्धान्तको सैद्धान्तिक परिपाटी अनुसार अधिमास विचार गर्दा ... शक ५०६ मा वैशाखमा अधिमास हुने भयो ।

(लिच्छविसंवत्को निष्कर्षका १७–१८ पृ.)

वि. सं. ६४१ (शक ५०६) मा वैशाखमा ब्रह्मसिद्धान्तअनुसार अधिमास पर्छ भनी शङ्करमानले यहाँ लेखेका छन् ।

अब ब्रह्मसिद्धान्तअनुसार वि. सं. ६४१ वैशाखमा अधिमास पर्छ कि पर्दैन भन्ने निर्णय गर्नाको लागि भारत र बाहिरका कालगणनाबाट[१] गणना गरिन्छ ।

वि.सं. ६४१
− १३५
शाके ५०६

| शाके | तिथि | वार | चन्द्रमन्दकेन्द्र अंश | सूर्यमन्दकेन्द्र अंश | |
|---|---|---|---|---|---|
| ४२२ | १.३५७ | ६.४६१ | २९६.६२ | २८० | १६ कोष्ठबाट |
| ८४ | २९.४४५ | ०.७३५ | १७५.९३ | ० | ४ कोष्ठबाट |
| ५०६ | ३०.८०२ | ७.१९६ | ४७२.५५ | २८० | |
| | | | −३६० | | |
| | ३०.८०२ | ७.१९६ | ११२.५५ | २८० | |
| | − .८०२ | − .७८९ | − १०.२५७ | −.७८९ | |
| | ३०.००० | ६.४०७ | १०२.२९३ | २७९.२११ | |
| सूर्यमन्दफल | | + .१७६ | + २.१४७ | | |
| | | ६.५८३ | १०४.४४० | | |
| चन्द्रमन्दफल | | + .३९१ | | | |
| | | ६.९७४ | | | |

१. वेङ्कटेश केतकरको इन्डिअन् यान्ड् फरइन् क्रोनलअजिको मैले गरेको अनुवाद यो हो (वि. सं. २०२९ मा प्रकाशित पूर्णिमा २७ अङ्कमा छापिएको विद्वत्पूजा भन्ने मेरो निबन्ध, सो अङ्कको १५१ पृष्ठ) । मैले गरेको सो अनुवाद छापिएको छैन । विद्यार्थीहरूलाई सो अनुवाद सार्न मैले दिएको छु । शङ्करमानले पनि सो सारेका होलान् ।

६४०००) ८०२०० (.०१२
६४०००
१६२०००
१२८०००
३४०००

.८०२
− .०१३
.७८९

.७८९
× १३
१०.२५७

सूर्यमन्दकेन्द्रांश २७९.२११

दिनात्मक सूर्यमन्दफल +. १७६ (६ कोष्ठबाट)

दिनात्मक सूर्यमन्दफल + .१७६
× १२.२
३५२
३५२
१७६
२.१४७२

चन्द्रमन्दकेन्द्रांश १०४. ४४

| चन्द्रमन्दकेन्द्रांश | दिनात्मक चन्द्रमन्दफल | |
|---|---|---|
| १०४ | + .३९२ | ७ कोष्ठबाट |
| १०५ | + .३९० | |
| | .००२ अन्तर | |

.४४ शेष
× .००२ अन्तर
.०००८८

.३९२
−.००१
दिनात्मक चन्द्रमन्दफल + .३९१

| तिथि | वार | चन्द्रमन्दकेन्द्र अंश | सूर्यमन्दकेन्द्र अंश | |
|---|---|---|---|---|
| ३० | ६.४०७ | १०२.२९३ | २७९.२११ | माथिको गणनाबाट |
| ३० | १.५३१ | २५. ८२ | २९.११ | ५ कोष्ठबाट |
| ६० | ०.९३८ | १२८.११३ | ३०८.३२१ | |
| सूर्यमन्दफल | +.१४० | +१.७०८ | | |
| | १.०७८ | १२९.८२१ | | |
| चन्द्रमन्दफल | +.३०१ | | | |
| | १.३७९ | | | |

सूर्यमन्दकेन्द्रांश ३०८. ३२१

| सूर्यमन्दकेन्द्रांश | दिनात्मक सूर्यमन्दफल | |
|---|---|---|
| ३०८ | + .१४१ | ६ कोष्ठबाट |
| ३०९ | + .१३९ | |
| | .००२ अन्तर | |

.३२१ शेष
×.००२ अन्तर
.०००६४२

.१४१
−.००१
दिनात्मक सूर्यमन्दफल +.१४०

दिनात्मक सूर्यमन्दफल + .१४
×१२.२
२८
२८
१४
१.७०८

चन्द्रमन्दकेन्द्रांश १२९. ८२१

| चन्द्रमन्दकेन्द्रांश | दिनात्मक चन्द्रमन्दफल | |
|---|---|---|
| १२९ | + .३०४ | ७ कोष्ठबाट |
| १३० | + .३०० | |
| | .००४ अन्तर | |

.८२१ शेष
×.००४ अन्तर
.००३२८४

.३०४
− .००३
दिनात्मक चन्द्रमन्दफल +.३०१

| | वार | |
|---|---|---|
| वैशाखसङ्क्रान्ति | ७.१९६ | माथिको गणनाबाट |
| वृषसङ्क्रान्तिको क्षेपक | २.९३२ | १७ कोष्ठबाट |
| ज्येष्ठसङ्क्रान्ति | ३.१२८ | |

| | | | |
|---|---|---|---|
| .९७४ | .४४ | .३७९ | .७४ |
| ×६० | ×६० | ×६० | ×६० |
| ५८.४४० | २६.४० | २२.७४० | ४४.४० |
| .१९६ | .७६ | .१२८ | .६८ |
| ×६० | ×६० | ×६० | ×६० |
| ११.७६० | ४५.६० | ७.६८० | ४०.८० |

यति गणनाबाट

ब्रह्मसिद्धान्तअनुसार

शाके ५०६ (वि. सं. ६४१) मा

| | | |
|---|---|---|
| चैत्रकृष्ण अमावास्याको समाप्ति | शुक्रवार | ५८ घडी २६ पलामा |
| वैशाखसङ्क्रान्ति | शनिवार | ११ घडी ४६ पलामा |
| वैशाखकृष्ण अमावास्याको समाप्ति | आदित्यवार | २२ घडी ४४ पलामा |
| ज्येष्ठसङ्क्रान्ति | मङ्गलवार | ७ घडी ४१ पलामा |

हुने देखिन्छ ।

दुइटा सङ्क्रान्तिको बीचमा दुइटा अमावास्या नपरेकाले वि. सं. ६४१ मा वैशाखमा ब्रह्मसिद्धान्तअनुसार अधिमास पर्दैन भन्ने कुरो स्पष्ट हुन्छ ।

[ म (नयराज पन्त), देवीप्रसाद भण्डारी, दिनेशराज पन्तले भिन्नाभिन्नै गणना गरी भिडाई यो गणित तयार गरेका हौं ।]

यस कारण ब्रह्मसिद्धान्तअनुसार शाके ५०६ (वि. सं. ६४१) वैशाखमा अधिमास पर्छ भन्ने शङ्करमानको कथन प्रामाणिक छैन भन्ने स्पष्ट हुन्छ ।

आधुनिक व्यवहारका लागि प्राचीन सिद्धान्त अशुद्ध हुन गए तापनि प्राचीन इतिहास निर्णय गर्नाका लागि प्राचीन सिद्धान्तानुसारको गणना महत्व छ भनी ज्योतिषका प्रकाण्ड बिद्वान् केतकरवेङ्कटेशले आफ्नो सौरार्यब्राह्मपक्षीय तिथि गणितं नामक ग्रन्थमा . . . बोलेका छन् ।

(प्राचीन नेपाल ४० सङ्ख्या ७ पृ.)

जुन दिन सूर्यले मीनराशि पूरा भोग गर्छन् त्यस दिन सूर्यको राश्यादि ०।०।०।० हुन्छ र मेष संक्रान्तिको आरम्भ हुन्छ । जुन दिन सूर्यको राश्यादि १।०।०।० हुन्छ त्यस दिन बृष संक्रान्तिको आरम्भ हुन्छ त्यही अनुसार प्रकाशित पात्रोमा संक्रान्ति लेखिएको हुन्छ ।

(प्राचीन नेपाल ४० सङ्ख्या ९ पृ.)

शङ्करमानका यी लेखाइबाट सौरार्यब्राह्मपक्षीयतिथिगणितबाट उनले सङ्क्रान्ति गणना गरी ल्याएका हुन् भन्ने देखिन्छ[२] ।

अब यसको परीक्षा गरिन्छ ।

चंडांशोर्मंदकेंद्रं गजतुरग ७८ लवैश्चायनांशैः समेतम्
भास्वन्मांदेन युक्तं प्रभवति करणं सायनः स्पष्टसूर्यः ।
आदौ षष्ठाख्यकोष्ठाच्चरपलमितिमापाद्य गुण्या तयेष्टा ।
ह्याक्षच्छायाहतिस्तु प्रभवति चरसंस्कार इष्टस्तृतीयः ।।८।।

( वि. सं. १९८३ मा विजापुरबाट दत्तात्रेय केतकरद्वारा प्रकाशित वेङ्कटेश केतकरको सौरार्यब्राह्मपक्षीयतिथिगणितको २ पृ.)

स्पष्टतिथ्यंते पूर्वसाधितं रविकेंद्रमष्टसप्तत्यंशाः ७८, अयनांशाः अंशीकृतं रविमंदफलं चैतेषां चतुर्णां योगसमः सूर्यस्य सायनभोगस्तिष्ठति । एनमुपकरणं परिकल्प्य षष्ठकोष्ठकात्पुनरेकवारं पलान्युद्धृत्य तान्यभीष्टग्रामस्यांगुलात्मिकया पलभया गुणयेत् । गुणनफलं चरनामा पलात्मकस्तृतीयः संस्कारो भवति । (सौरार्यब्राह्मपक्षीयतिथिगणितको १४ पृ.)

चरसंस्कारस्तृतीयः ।

चंडांशोर्मंदकेंद्रं रा ८।३.५ गजतुरग७८लवैश्चायनांशैः १८.४ तथा सूर्यमंदफलेन च +२ अ. युक्तं जातः रा. ११।१२ सायनः स्पष्टसूर्यः । अनेनोपकरणेन रा. ११।१२ षष्ठकोष्ठात्संपादितानि चरपलानि –६ पलभया ४ संगुण्य जातानि चरपलानि –२४

(सौरार्यब्राह्मपक्षीयतिथिगणितको २० पृ.)

[सूर्यको मन्दकेन्द्रमा ७८ अंश, अयनांश तथा अंशरूप मन्दफल जोड्नू । योगफल सायन स्पष्ट सूर्य हुन्छ । सायन स्पष्ट सूर्यलाई उपकरण मानी छैटौँ कोष्ठबाट चरपला ल्याउनू । छैटौँ कोष्ठबाट आएको चरपलालाई आफ्नो देशको अङ्गुलात्मक पलभाले गुन्नू । गुणनफल आफ्नो देशको चरपला हुन्छ ।]

---

२. ज्योतिषका प्रकाण्ड विद्वान् श्री केतकर वेंकटेशले आफ्नो 'सौरार्यब्राह्मपक्षीयतिथिगणितम्, नामक पुस्तकमा प्राचीन गणनाको महत्त्वबारे . . . बताएका छन् ।

(वि. सं. २०३३ मा नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानद्वारा प्रकाशित प्रज्ञा १६ पूर्णाङ्कका ९२–९७ पृष्ठमा छापिएको शङ्करमान राजवंशीको इतिहासको लागि प्राचीन गणनाको महत्त्व भन्ने निबन्ध, सो अङ्कको ९२ पृ.)

ज्योतिषका विद्वान् केतकरले भनेबमोजिम उनको ग्रन्थबाट गणना गरी यो मैले निष्कर्ष निकालेको हुँ ।

(प्रज्ञा १६ पूर्णाङ्कको ९७ पृ.)

यी वाक्यबाट यो कुरा अरु स्पष्ट हुन्छ ।

यहाँ वेङ्कटेश केतकरले चरपला ल्याउने सूत्र दिएका छन्; चरपला ल्याएको उदाहरण पनि दिएका छन् ।

यहाँ जोडिएको ७८ अंश सूर्यमन्दोच्च हो । सूर्यमन्दोच्च ७७ अंश चानचुन छ । वि. सं. ६४१ मा ब्रह्मसिद्धान्त-अनुसार सूर्यमन्दोच्च २ राशि १७ अंश ५४ कला थियो[३] । ७७ अंश ५४ कलाको ठाउँमा ७८ अंश लिँदा ६ कला बढ्ता हुन जान्छ ।

मन्दोच्च र मध्यम ग्रहको अन्तर मन्दकेन्द्र हुन्छ । यस कारण मन्दोच्चमा मन्दकेन्द्र जोडिदिए मध्यम ग्रह हुन्छ ।

मध्यम सूर्यमा मन्दफल चिह्नअनुसार जोडिदिँदा योगफल स्पष्ट सूर्य हुन्छ । मन्दोच्चमै ६ कला बढ्ता भएकोले यसरी ल्याइएका स्पष्ट सूर्य वास्तव स्पष्ट सूर्यभन्दा ६ कला बढ्ता हुने कुरो स्पष्ट छ ।

यसरी आएका स्पष्ट सूर्यमा अयनांश जोडी केतकरले सायन स्पष्ट सूर्य ल्याएका छन् । ती सायन स्पष्ट सूर्यलाई उपकरण मानी १ अङ्गुल पलभा भएको देशको चरपला छैटौँ कोष्ठबाट उनले ल्याएका छन् ।

सायन स्पष्ट सूर्यमा १ अंशको अन्तर पर्न गएमा चरपलामा महत्तम अन्तर .४ पला पर्छ भन्ने कुरो छैटौँ कोष्ठबाट स्पष्ट हुन्छ ।

भारतको सबभन्दा उत्तरको राज्य कश्मीरको राजधानी श्रीनगरको पलभा ८ अङ्गुल ७ व्यङ्गुल छ[४] ।

अ. व्य.

८ । ७ $= ८\frac{७}{६०} =$ ८. १ अङ्गुल

$$
\begin{array}{r}
.४ \\
\times\ ८.१ \\
\hline
३.२४
\end{array}
$$

यस कारण मन्दोच्चमा १ अंश फरक परे पनि चरमा ३ पलाभन्दा बढ्ता अन्तर नपर्ने हुनाले कलादिलाई छोडी ७८ अंशतुल्य मन्दोच्च मानी केतकरले सायन स्पष्ट सूर्य ल्याई चर ल्याएका हुन् ।

केतकरले सौरार्यब्राह्मपक्षीयतिथिगणितको पाँचौँ कोष्ठमा सूर्य र चन्द्रका दैनिक स्पष्ट गति दिएका छन् । त्यहाँ उनले ट्वाक्क कलात्मक गति दिएका छन् ।

ग्रहका गति ट्वाक्क कलात्मक हुँदैनन् भन्ने कुरा ज्योतिषको सामान्य ज्ञान भएका मानिस पनि बुझ्छन् । यस कारण ती गति स्थूल छन् भन्ने कुरा स्पष्ट छ ।

सूक्ष्म स्पष्ट सूर्य र सूक्ष्म स्पष्ट गतिबाट चालन दिई ल्याइएका सङ्क्रान्ति मात्र शुद्ध हुन्छन् ।

---

३. वि. सं २०३४ मा प्रकाशित पूर्णिमा ३६ अङ्कमा छापिएको देवीप्रसाद भण्डारीको सिद्धान्तशिरोमणिअनुसार मेषसङ्क्रान्तिकाल ल्याउने रीति भन्ने निबन्ध, सो अङ्कको २३० पृष्ठ

४. वि. सं. १९९४ मा विजापुरबाट दत्तात्रेय केतकरद्वारा प्रकाशित वेङ्कटेश केतकरको ज्योतिर्गणितको दोस्रो संस्करणको ७८ पृष्ठ

सौरार्यब्राह्मपक्षीयतिथिगणित सङ्क्रान्ति ल्याउन बनाइएको ग्रन्थ होइन । त्यस ग्रन्थमा केतकरले कहीँ पनि सङ्क्रान्ति ल्याउने सूत्र तथा उदाहरण दिएका छैनन् । यस कारण अर्कै प्रयोजनको लागि बनेको ग्रन्थबाट अर्कै काम गर्दा अनभीष्ट फल आउनु आश्चर्यको कुरो हुँदैन । यस कारण सौरार्यब्राह्मपक्षीयतिथिगणितबाट ल्याइएका सङ्क्रान्ति मोटामोटी हुन्छन्, वास्तव हुँदैनन् भन्ने कुरो स्पष्ट छ ।

वेङ्कटेश केतकरले आफ्नो इन्डिअन् यान्ड् फरइन् क्रोनलअजि (भारत र बाहिरका कालगणना) नामक ग्रन्थमा सङ्क्रान्तिको गणना गर्न ३, ४, १३, १४, १५, १६, १७ कोष्ठ दिएका छन् ।

वि. सं. ६४१ का ब्रह्मसिद्धान्तअनुसारका वैशाखसङ्क्रान्ति र ज्येष्ठसङ्क्रान्ति वेङ्कटेश केतकरको ग्रन्थबाट ल्याई पूर्णिमा ३५ अङ्कको १८७ पृष्ठमा मैले देखाइदिएको छु । शङ्करमानले ल्याएका सङ्क्रान्तिका काल केतकरका ग्रन्थबाट आउँदैनन् भनी त्यहाँ मैले लेखिदिएको छु ।

ज्यौतिषको सामान्य ज्ञान भएका मानिस पनि गणना बुझून् भनी तिथि सङ्क्रान्तिहरूका सबै गणना अहिले यहाँ प्रकाश गराइदिएको छु ।

केतकरका ग्रन्थका दुहाई दिने शङ्करमानले उनका ग्रन्थ राम्री पढिदिएका भए अहिले मैले यो लेख लेख्नुपर्ने प्रयोजन पर्दैनथ्यो ।

○❋○

# नेपाल राजकीय पञ्चाङ्गनिर्णायकसमिति राम्री काम गर्दैन

(पञ्चाङ्ग–संशोधन १५ सङ्ख्या)
(पञ्चाङ्गनिर्णायकसमितिविषयक ९ सङ्ख्या)

–रामजी तेवारी
देवीप्रसाद भण्डारी

वि. सं. २०२६ देखि पञ्चाङ्गको काम नेपाल राजकीय पञ्चाङ्गनिर्णायकसमितिले गर्न थालेको हो । यसरी व. सं. २०३५ सम्ममा जम्मा १० वर्षका पञ्चाङ्ग पञ्चाङ्गनिर्णायकसमितिद्वारा निर्णीत भई बजारमा आएका छन् । तर कुनै वर्ष पनि शुद्ध पञ्चाङ्ग प्रकाश हुनु त परै जाओस्, राम्रो रुजुसम्म पनि भएको देखिएन । त्यस विषयमा विद्वान्हरूको ध्यान आकर्षित गर्न यसभन्दा अघि ८ वटा पञ्चाङ्ग–संशोधन हामीले प्रकाशित गरेका थियौं[१] ।

---

१. पञ्चाङ्ग–संशोधन ७ सङ्ख्या (पञ्चाङ्गनिर्णायकसमितिविषयक १ सङ्ख्या) — संशोधक देवीप्रसाद भण्डारी, सहायक संशोधक रामजी तेवारी — वि. सं. २०२६ ज्येष्ठ १ गते

वि. सं. २०३४ र २०३५ का पञ्चाङ्गमा पनि परस्परविरुद्ध धेरै कुरा छन् । वि. सं. २०३४ र २०३५ का पञ्चाङ्गमा देखिएका परस्परविरुद्ध कुराका केही उदाहरण अहिले हामीले दिएका छौं । आशा छ, पञ्चाङ्गनिर्णायक-समितिबाट त्यस्तो लापरबाही आइन्दा हुनेछैन ।

---

| | | |
|---|---|---|
| पञ्चाङ्ग–संशोधन ८ सङ्ख्या (पञ्चाङ्गनिर्णायकसमितिविषयक २ सङ्ख्या) | संशोधक<br>देवीप्रसाद भण्डारी<br>सहायक संशोधक<br>रामजी तेवारी | वि. सं. २०२६ आश्विन १ गते |
| पञ्चाङ्ग–संशोधन ९ सङ्ख्या (पञ्चाङ्गनिर्णायकसमितिविषयक ३ सङ्ख्या) | संशोधक<br>देवीप्रसाद भण्डारी<br>सहायक संशोधक<br>रामजी तेवारी | वि. सं. २०२६ मार्ग ८ गते |
| पञ्चाङ्ग–संशोधन १० सङ्ख्या (पञ्चाङ्गनिर्णायकसमितिविषयक ४ सङ्ख्या) | संशोधक<br>देवीप्रसाद भण्डारी<br>सहायक संशोधक<br>रामजी तेवारी | वि. सं. २०२६ चैत्र १ गते |
| पञ्चाङ्ग–संशोधन ११ सङ्ख्या (पञ्चाङ्गनिर्णायकसमितिविषयक ५ सङ्ख्या) | संशोधक<br>देवीप्रसाद भण्डारी<br>सहायक संशोधक<br>रामजी तेवारी | वि. सं. २०२७ ज्येष्ठ १ गते |
| पञ्चाङ्ग–संशोधन १२ सङ्ख्या (पञ्चाङ्गनिर्णायकसमितिविषयक ६ सङ्ख्या) | संशोधक<br>देवीप्रसाद भण्डारी<br>सहायक संशोधक<br>रामजी तेवारी | वि. सं. २०२७ कार्तिक २ गते |
| पञ्चाङ्ग–संशोधन १३ सङ्ख्या (पञ्चाङ्गनिर्णायकसमितिविषयक ७ सङ्ख्या) | संशोधक<br>रामजी तेवारी<br>देवीप्रसाद भण्डारी<br>दिनेशराज पन्त | वि. सं. २०३२ वैशाख २७ गते |
| पञ्चाङ्ग–संशोधन १४ सङ्ख्या पञ्चाङ्गनिर्णायकसमितिविषयक ८ सङ्ख्या) | संशोधक<br>रामजी तेवारी<br>देवीप्रसाद भण्डारी<br>दिनेशराज पन्त | वि. सं. २०३२ चैत्र ४ गते |

## नेपाल राजकीय पञ्चाङ्गनिर्णायकसमितिद्वारा निर्णीत वि. सं. २०३४ का पञ्चाङ्गमा परेका परस्पर बाझिएका कुराका अलिकता नमूना

| विषय | पं. सत्यनाथ | पं. नरनाथ | पं. प्राणनाथ | पं. रवीन्द्र, वीरेन्द्र, रीता | पं. दधिराम |
|---|---|---|---|---|---|
| वैशाखकृष्ण-दर्शश्राद्ध | वैशाख ६ गते | वैशाख ५ गते | वैशाख ५ गते | वैशाख ५ गते | वैशाख ५ गते |
| मार्गी शनि | वैशाख १ गते | वैशाख १ गते | वैशाख १२ गते | वैशाख १ गते | वैशाख १ गते |
| गुरूदयास्त-फल | सौम्यवर्षे-त्वनावृष्टिः सस्यहानि रनेकधा । राजानो युद्ध निरता-श्चान्योन्यं वध कांक्षिणः ।। | स्यात्पीडा कार्तिकेवर्षे-वह्निगोरथ-जीविनाम् ।। शस्त्राग्निक्षुद्-भयं वृद्धिः पुष्पकौसुम्भ जीविनाम् ।। | मार्गशीर्षे त्वनावृष्टिः सस्यहानि-रनेकधा । राजानो युद्धनिरता-श्चान्योन्य वधकांक्षिणः । | स्यात्पीडा कार्तिकेवर्षे-वह्निगोरथ-जीविनाम् ।। शस्त्राग्निक्षुद्-भयं वृद्धिः पुष्पकौसुम्भ जीविनाम् ।। | स्यात्पीडा कार्तिकेवर्षे-वह्निगोरथ-जीविनाम् ।। शस्त्राग्निक्षुद्-भयं वृद्धिः पुष्पकौसुम्भ जीविनाम् ।। |
| श्रावणसङ्क्रान्तिमा | कालतः शूद्रघ्नी | कालतोवैश्यघ्नी | कालत वैश्यघ्नी | कालतोवैश्यघ्नी | कालतोवैश्यघ्नी |
| मार्गसङ्क्रान्तिमा | उत्तराषाढा नक्षत्रतो मन्दा विप्रसुखा मुहूर्ताः ४५ धान्यर्घ वृष्टिषु श्रेष्ठ फलदा | अभिजित् नक्षत्रतोध्वाँक्षी वैश्यसुखा मुहूर्ताः ३० धान्यार्घवृष्टिषु समफलदा | उषा नक्षत्रतो मन्दा विप्रसुखा मुहूर्ताः ३० धान्यार्घवृष्ठिषु समफलदा | अभिजित् नक्षत्रतोध्वाँक्षी वैश्यसुखा मुहूर्ताः ३० धान्यार्घवृष्टिषु समफलदा | अभिजित् नक्षत्रतोध्वाँक्षी वैश्यसुखा मुहूर्ताः ३० धान्यार्घवृष्टिषु समफलदा |

## नेपाल राजकीय पञ्चाङ्गनिर्णायकसमितिद्वारा निर्णीत वि. सं २०३५ का पञ्चाङ्गमा परेका परस्पर बाझिएका कुराका अलिकता नमूना

| विषय | पं. सत्यनाथ | पं. विश्वराम | पं. प्राणनाथ | पं. रवीन्द्र, वीरेन्द्र, रीता | पं. बधिराम |
|---|---|---|---|---|---|
| श्वेतमत्स्येन्द्रनाथ-रथयात्रा | वैशाख २ गते | वैशाख ३ गते | वैशाख ३ गते | वैशाख ३ गते | वैशाख ३ गते |
| (बुंगद्यब) मत्स्येन्द्र-नाथस्नान | वैशाख ११ गते | वैशाख ११ गते | वैशाख ११ गते | वैशाख १८ गते | वैशाख १८ गते |
| विशालनगरे वैष्णवीयात्रा | × | वैशाख ११ गते | × | वैशाख १८ गते | वैशाख १८ गते |
| पुनर्वसौ २ गुरुः ५ | आषाढ २० गते | आषाढ १९ गते | आषाढ २० गते | आषाढ १९ गते | आषाढ १९ गते |

# मेरो लामो वय बितिगयो एकनासे भएर

—नयराज पन्त

मेरो ज्यादै शिशुवय थियो जानुभो स्वर्ग बाबा[1],
मेरी आमा[2] विकल हुनुभो दैन्य वैधव्य पर्दा ।
मेरा मातामह[3] विधुर भै धैर्य ली बस्नुहुन्थ्यो,
सानो नाती मउपर भयो स्नेहवर्षा उहाँको ।।१।।

मेरा मातामह गणितको बुझ्नुहुन्थ्यो रहस्य,
नित्य प्रातःसमय शुचि भै पढ्नुहुन्थ्यो पुराण ।
पढ्ने सार्ने मननतिरमा चित्त रम्थ्यो उहाँको,
जिब्रोमा नै तिथिमिति थियो शाह राजाहरूको ।।२।।

२०३३।८।२८।२

१. पं. कृष्णदत्त पन्त । २. यज्ञप्रिया । ३. पं. भुवननाथ पाँडे ।

देखा पर्छन् रवि गगनमा, चढ्दछन् माथिमाथि,
झर्दै झर्दै तल तल कतै पुग्दछन् पर्छ रात्रि ।
तारा हुन्छन् उदित, नभको हुन्छ शोभा विचित्र,
तारा लुक्छन्, दिनकर उनै आइपुग्छन् पुलुक्क ।।३।।
२०३३।९।१।४

रोऊन् हाँसून् जनहरु निजी स्वार्थ हेरी यथेच्छ,
आफ्नै चालासँग नियत भै कालको चक्र घुम्छ ।
बढ्दै आएँ अलिअलि गरो, पूर्ण भो पाँच वर्ष,
बाजेदेखिन् लघु लघु कथा सुन्न लागें सहर्ष ।।४।।
२०३३।९।२।५

बाजेज्यूको मन गफ गरी काल काट्ने थिएन,
त्यल्ले गर्दा वितथ घटना सुन्नु मैले परेन ।
ठूला साना विविध जनका सुन्न लागें चरित्र,
मेरो केही परिचित भयो देशको पूर्ववृत्त ।।५।।

साना ठूला विविध तहका पाठशाला घुमेर
केही जानें क्रमसँग, बढी पढ्न इच्छा लिएर ।
काशी धाएँ, श्रमसँग पढें गोलविद्याप्रपञ्च,
केही अन्वेषणविधि बुझें, क्यै बुझें लोकवृत्त ।।६।।
२०३३।११।२१।६

जिज्ञासाले मनकन सधैं प्रेरणा गर्न लाग्यो,
टाढाटाढा गहनविधिमा चित्त चाहार्न लाग्यो ।
ऐले के भो, वरिपरि छ के, यो कुरामा समेत
राम्रो हेक्का दिन पनि भयो चित्त केही विरक्त ।।७।।
२०३३।११।२२।७

काशी छाडें मनभर लिई गोलविद्याविचार,
त्यो भो भारीसदृश नहुँदा त्यो कुराको प्रचार ।
धाई धाई श्रमसँग पुरावृत्तसम्बद्ध सार
केही जोडें, तर सकिनँ त्यो गर्न केही प्रचार ।।८।।
२०३३।११।२३।

पाएँ अध्यापकपद, भएँ पढ्नमा सक्तचित्त,
गर्दै अध्यापन बितिगयो धेर मेरो उमेर।
पैले पढ्थे जुन मसँग, ती छन् बडा विज्ञ आज,
विद्यार्थीकै सदृश छु अझै, छन् उनै कामकाज ॥९॥

थोरै जाने पनि बुध बनी अर्थ औ कीर्ति खोज्ने
जस्तो पायो उसकन तथा स्वार्थ हेरेर लेख्ने।
विद्वन्मानी कुटिलजनको लेखले लोकलाई
डोराएको कुपथतिरमा नेत्रको सामु देखी ॥१०॥

होऊन् सच्चा विषय जनको सामुमा, विज्ञवर्ग
सच्चा सच्चा उपकरणले होस् परीक्षासमर्थ।
भन्ने सम्झी मिहिनत गरी शोधको मार्ग खोलेँ,
विद्यार्थीको सहचर भई काम केही चलाएँ ॥११॥

विद्वन्मानी कुपित हुन गै शोधको मार्ग रोक्न
भ्याएसम्मन् विविध थरका गर्न लागे प्रयत्न।
आए बाधा, अझ पनि निकै आउँछन्, शोधकार्य
बाधा खप्तै जिनतिन गरी पाइलो चाल्छ नित्य ॥१२॥

जिज्ञासाकै वरिपरि घुमी मुग्ध जस्तै भएर
मेरो लामो वय बितिगयो एकनासे भएर।

२०३३।११।३०।१

# विषम घटना

—नयराज पन्त

कतै कुत्ता खान्छन् लपलप गरी भात सुरुवा,
कतै मान्छेलाई पनि अलिकता छैन मडुवा।
भयो कैलेदेखिन् बिषम घटना यो, कुन दिन
सबैलाई सक्लिन् धरणि बढिया भोजन दिन ॥१॥

२०२६।२।२०।२

# श्रीसूर्यविक्रम ज्ञवालीज्यूको पृथ्वीनारायण शाह (परिवर्द्धित तथा संशोधित) को विषयमा

–दिनेशराज पन्त

श्रीसूर्यविक्रम ज्ञवालीज्यूले दार्जिलिङ्गमा सामान्य पदमा बसी काम गर्दा आफ्नै उत्साहले पृथ्वीनारायण शाह, अमरसिंह थापा जस्ता पुस्तकहरू लेखी प्रकाश गराउनुभएको थियो। जुन वेला ती पुस्तक प्रकाशित भएका थिए, त्यस वेला भएको खोजीको दृष्टिले ती पुस्तक अन्वेषणपूर्ण थिए।

श्रीसूर्यविक्रम ज्ञवालीज्यू रायल नेपाल एकेडेमीको सदस्यसचिव हुनुभएको बेला वि. सं. २०१९ मा उहाँको "नेपाल उपत्यकाको मध्यकालीन इतिहास"नामक पुस्तक निस्क्यो। सो पुस्तकमा एउटै मानिसको एउटै मानिस छोराको रूपमा पनि नातिको रूपमा पनि वर्णन गरिएको छ तथा एउटै मानिस २ बाजि मरेको कुरा लेखिएको छ अर्थात् सो पुस्तक परस्परविरोधी कुराले भरिएको छ। साथै सो पुस्तकमा इतिहाससम्बन्धी धेरै अशुद्धि पनि रहेकाले संशोधन–मण्डलले सो पुस्तकको कडा आलोचना गऱ्यो। ज्ञवालीज्यूले ती आलोचनाका उत्तर त्यस वेला दिन सक्नुभएको थिएन र अहिलेसम्म पनि दिन सक्नुभएको छैन।

हाल ज्ञवालीज्यू नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको कुलपतिपदमा हुनुहुन्छ। उहाँको हालै निस्केको पृथ्वीनारायण शाह (परिवर्द्धित तथा संशोधित) नामक पुस्तक पनि नेपाल उपत्यकाको मध्यकालीन इतिहास जस्तै छ। यो पुस्तक हेर्दा दार्जिलिङ्गमा बसी पृथ्वीनारायण शाह, अमरसिंह थापा जस्ता पुस्तक लेख्ने ज्ञवालीज्यू नेपाल आएपछि अर्कै हुन पुग्नुभयो कि भन्ने शङ्का पनि उठ्छ।

ज्ञवालीज्यूले पृथ्वीनारायण शाह (परिवर्द्धित तथा संशोधित) को भूमिकामा यस्तो लेख्नुभएको छ–

> माथी मैले उल्लेख गरेका विद्वान्ले नेपालको तेसतो स्थितिमा पनी दुई जनाले मिलेर नेपालको संक्षिप्त इतिहास लेखेको कुरा (पारिवारिक शासनले अन्तिम सास फेर्न लागेका समयमा यसको प्रकाशन भयेको अनुमान छ) लेख्नु भयेको छ। स्कूल लिविंग परीक्षाको पाठ्यक्रम बमोजिम लेखियेको स्कूलको पाठ्यपुस्तकले एक जना इतिहासका विद्वान्बाट इतिहासको संज्ञा पायेको देख्दा आश्चर्य लाग्नु स्वाभाविक छ।[1]
>
> (भूमिका आ पृष्ठ)

१. ज्ञवालीज्यूले नेपालको संक्षिप्त इतिहासको विषयमा लेख्ने विद्वान्को नाम यहाँ उल्लेख गर्नुभएको छैन। तुलसीराम वैद्यजीको लेखमा यस्तै भाव परेको छ। सो अंश तल उद्धृत गरिन्छ–

यस वाक्यबाट ज्ञवालीज्यूको दृष्टिमा प्रा. तोत्रराज पाँडे र पं. नयराज पन्तले लेख्नुभएको नेपालको संक्षिप्त इतिहास इतिहासको कोटिमा नपरेको देखिन्छ ।

पं. नयराज पन्तका चेलाहरूले ज्ञवालीज्यूको लेखमा रहेका अशुद्धिको वारंवार खण्डन गर्दै गएकाले तिनीहरूका गुरु नै कुनै इतिहासज्ञ होइनन्; उनले त सामान्य पाठ्यपुस्तक मात्र लेखेका हुन्; यस कारण त्यस्ताका चेला तिनीहरूले गरेको खण्डनको मेरो लेखा कुनै भाउ छैन अर्थात् छिन्ने मूले नैव शाखा न पत्रम् (जरै काटिएपछि न हाँगा रहन्छ, न पात) भन्ने भाव सामान्य पाठकहरूका मनमा पैदा गराउन ज्ञवालीज्यूले यो जाल रच्नुभएको देखिन्छ ।

तर यो जाल रच्दा ज्ञवालीज्यूले नेपालको संक्षिप्त इतिहासको विषयमा पहिले आफूले लेखेको कुरा बिर्सन पुग्नुभएको देखिन्छ ।

वि. सं. २०१९ मा काठमाडौंबाट रायल नेपाल एकेडेमीबाट प्रकाशित ज्ञवालीज्यूको नेपाल उपत्यकाको मध्यकालीन इतिहासको ग्रन्थविवरणीमा यस्तो लेखिएको छ–

तोत्रराज तथा नयराज– नेपालको संक्षिप्त इतिहास, काशी १९४७।

(३१२ पृ.)

वैज्ञानिक ढङ्गले लेखिएको भनी प्रख्यापन गरिएको नेपाल उपत्यकाको मध्यकालीन इतिहासमा सहायक ग्रन्थको रूपमा दर्ता हुन पुगेको नेपालको संक्षिप्त इतिहास पछि ज्ञवालीज्यूको दृष्टिमा इतिहासको कोटिमा पनि नपर्नाको कारण ज्ञवालीज्यूले गर्नुभएको अशुद्धिको विषयमा संशोधन–मण्डलबाट वारंवार खण्डन हुनु नै हो भन्ने देखिन्छ । यताबाट ज्ञवालीज्यू आफ्नो तात्कालिक स्वार्थसिद्धिको लागि जे बोल्न पनि तयार हुनुहुन्छ भन्ने देखिन्छ ।

ज्ञवालीज्यूको पृथ्वीनारायण शाह (परिवर्द्धित तथा संशोधित) को विषयमा मैले वि. सं. २०३४ मार्ग २० गते, पौष २० गते, माघ १० गते, फाल्गुन १९ गते सावधान–पत्र १८, १९, २०, २१ सङ्ख्या प्रकाश गरेको छु । पूर्णिमाका पाठकको सुविधाको लागि ती चारवटै सावधान–पत्र यहाँ दिइन्छन् ।

---

डयूरङ् द राणा पीरइअड् दि इन्डिजिनिस् स्कल्अर्ज् कुड् नट् पिक् अप् करइज् ट राइट् यान् अब्जिक्टइभ् हिस्टरि बिकज् अफ् द राणा इनटल्अर्यान्स् फर् ट्रूथ् । इन्स्पाइट् अफ् इट् अ बुक् नेपालको संक्षिप्त इतिहास वज् रिटेन् बाइ नयराज पन्त यान्ड् तोत्रराज पाण्डे इन् २००४ बी. एस्

[वि. सं. २०२७ मा काठमाडौंबाट तुलसीराम वैद्यद्वारा प्रकाशित हेमराज शाक्य र तुलसीराम वैद्यको मेडिईभल् नेपाल्, कल्अफनज् यान्ड् इन्स्क्रिप्शनज् (नेपालको मध्यकालका पुष्पिकावाक्य र अभिलेखहरू) नामक पुस्तकमा छापिएको तुलसीराम वैद्यको फोर्वर्ड् (भूमिका) को ३ पृ.]

[राणाहरूले सत्य कुरालाई नसहने हुनाले राणाकालमा स्वदेशी विद्वान्हरूले वास्तव इतिहास लेख्ने आँट गर्न सकेनन् । यसो हुँदा हुँदै पनि नेपालको संक्षिप्त इतिहास भन्ने पुस्तक नयराज पन्त र तोत्रराज पाँडेले वि. सं. २००४ मा लेखेका थिए । ]

ज्ञवालीज्यूले सङ्केत गर्नुभएका विद्वान् तुलसीरामजी नै हुनुहुन्छ वा अरू नै हुनुहुन्छ भनी ज्ञवालीज्यूबाट जान्न हामी चाहन्छौं ।

## सावधान–पत्र

### (१८ सङ्ख्या)

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका कुलपति श्रीसूर्यविक्रम ज्ञवालीद्वारा विरचित, नेपाल साहित्य सम्मेलन दार्जीलिङका निम्ति श्याम ब्रदर्स दार्जीलिङ्गद्वारा वि. सं. २०३३ भाद्रमा प्रकाशित पृथ्वीनारायण शाह (परिवर्द्धित तथा संशोधित) वि. सं. २०३४ मार्ग १७ गते बजारबाट रु. २०।८५ मा किनेर ल्याई हेरें। सो पुस्तक हेर्दै जाँदा त्यहाँ पत्रैपीछे भने जस्तै अशुद्धि देखिए। त्यसबाट लोकमा भ्रम नफैलियोस् भनी इतिहास–संशोधन तथा सावधान–पत्र निकाल्दै जानुपर्ने भएको छ। अहिलेलाई श्री ५ पृथ्वीनारायण शाहका पूर्वजहरूका राज्यकालमा गरिएका अशुद्धिको विषयमा लेखिन्छ।

> राम शाहका समय (१६०६–३६) मा लेखियेको मेघदूतको टीकामा राम शाहलाई "पारकोटीय वंशोद्भव" भनेको छ
>
> (पृथ्वीनारायण शाहको ३ पृ.)

> राम शाहका पालामा (आ० १६०६-३६) चित्रविलासले लेखेको गोर्खाली राजाहरुका पाइयेका वंशावली मध्ये सबै भन्दा पुरानो वंशावलीमा शाह राजवंशका पूर्वपुरुष मेदपाट (मेवाड) बाट आयेका हुन् भन्ने लेखियेको छ।
>
> (पृथ्वीनारायण शाहको ५ पृ.)

> छत्र शाहका मृत्युको समाचार सुनी सल्लयान बाट राम शाह तथा उनकी आमा गोर्खा आई पुग्दा राज्यका उत्तराधिकारीका विषयमा जो खल्लबल्ल उठेको थियो त्यो शान्त भयो औ आ० १६०६ मा राम शाह गोर्खाका सिंहासनमा आरूढ भए।
>
> (पृथ्वीनारायण शाहका २६–२७ पृ.)

> उनको अर्को शिलालेख गोर्खा पोखरीथोकमा नै रामेश्वरका मन्दिरका ढोका माथी छ। यसको समय १६३६ (शाके १५५८) छ। यो शिलालेख बडो महत्त्वपूर्ण छ, किन भने राम शाहका राज्यकालका विषयमा यसले प्राय: सबै वंशावलीहरुले गरेका भूल संशोधन गर्छ। वंशावलीहरुमा राम शाहले २७ वर्ष राज्य गरे औ उनको मृत्यु १६३३ मा भयो भनी लेखियेको छ। यो शिलालेख बाट वास्तवमा उनले ३० वर्ष ता पक्कै राज्य गरेको रहेछ भन्ने कुरा चाल पाइन्छ।
>
> (पृथ्वीनारायण शाहको ३० पृ.)

> प्रतिकूल भौगोलिक स्थितिको वास्ता न गरी राम शाहले (आ० १६०६–१६३६) जो कार्य गरे . . .
>
> (पृथ्वीनारायण शाहको ८९ पृ.)

| | |
|---|---|
| ३. छत्र शाह | १६०५–१६०६ |
| ४. राम शाह (३ का भाई) | १६०६–१६३६ |

(पृथ्वीनारायण शाहको २७७ पृ.)

यहाँ ज्ञवालीज्यूले ई. सं. १६०६ (वि. सं. १६६३) मा छत्र शाहको मृत्यु भयो तथा सोही वर्ष राम शाह राजा

भए, राम शाहले ई. सं. १६३६ (वि. सं. १६९३) सम्म राज्य गरे, यसरी राम शाहले ३० वर्ष त पक्कै राज्य गरे भनी लेख्नुभएको छ ।

अब यसको परीक्षा गरिन्छ ।

गोरखादरबारको रङ्गमहलको छिंडीको कुनामा छत्र शाहले राखेको नगरा पाइएको छ । सो नगरामा यस्तो लेखिएको छ[१]–

श्रीशाके १५३१ मासे ५ श्रीमहाराजछत्रसाहस्य कृतिः

[शाके १५३१ (वि. सं. १६६६) को पाँचौं महीनामा श्रीमहाराज छत्र शाहले यो बनाउनुभएको हो ।]

(वि. सं. २०३४ मा प्रकाशित पूर्णिमा ३७ अङ्कमा छापिएको दिनेशराज पन्तको सूचनाविभागद्वारा प्रकाशित पुस्तकमा अशुद्ध कुरा वारंवार दोहरिइरहन्छन् भन्ने निबन्ध, सो अङ्कका ३४–३५ पृ.)

यताबाट वि. सं. १६६६ मा छत्र शाहको राजाको रूपमा उल्लेख देखिएकोले वि. सं. १६६३ मा छत्र शाहको मृत्यु भयो, सोही साल राम शाह राजा भए भनी ज्ञवालीज्यूले लेख्नुभएको कुरा अशुद्ध ठहर्छ । वि. सं. १६६६ मै राम शाह राजा भए भनी मानेमा पनि वि. सं. १६९३ सम्म २७ वर्ष मात्र हुने हुनाले अहिलेसम्म पाइएका प्रमाणको आधारमा राम शाहले ३० वर्ष त पक्कै राज्य गरेको रहेछ भनी ज्ञवालीज्यूले लेख्नुभएको कुरा प्रमाणबाट सिद्ध हुँदैन ।

राम शाहका शेष पछी उनका छोरा डम्बर शाह राजा भये । . . . नौ वर्ष राज्य गरी इनको मृत्यु १६४५ मा भयो ।

(पृथ्वीनारायण शाहको ३० पृ.)

डम्बर शाह १६३७–१६४५

(पृथ्वीनारायण शाहको २७७ पृ.)

यहाँ ज्ञवालीज्यूले डम्बर शाहको ई. सं. १६४५ (वि. सं. १७०२) मा मृत्यु भयो भनी लेख्नुभएको छ ।

अब यसको परीक्षा गरिन्छ ।

राजा डम्बर शाहको एक पत्रमा यस्तो लेखिएको छ[२]–

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनाराणेत्यादिविविधविरुदावलीविराजमान-मानोन्नतमहाराजाधिराजश्रीश्रीमड्डंबरसाहदेवानां सदा समरविजइनां आ. गंगाधर पाध्याके. लुद्या बन वुटचां उधो उगो रुष पोथा दियालो भोर्लो फा

---

१. यो अभिलेख सर्वप्रथम श्रीतुलसीराम वैद्य तथा श्रीधनवज्र वज्राचार्यद्वारा प्रकाशित भएको हो ।

२. यो पत्र सर्वप्रथम श्रीमोहनप्रसाद खनालद्वारा प्रकाशित भएको हो ।

. . . न नदेव. गाव घर सभै जरिया . . . सुनाव.
संवत् १७०८ ज्येष्ठशुदि ७ रोज ६ . . .

(वि. सं. २०३२ मा प्रकाशित पूर्णिमा ३३ अङ्कमा छापिएको दिनेशराज पन्तको गोरखाली राजाहरूका राज्यकाल भन्ने निबन्ध, सो अङ्कको ३० पृ.)

यस पत्रबाट वि. सं. १७०८ मा डम्बर शाहको राजाको रूपमा उल्लेख देखिएकोले वि. सं. १७०२ मा डम्बर शाहको मृत्यु भयो भनी ज्ञवालीज्यूले लेख्नुभएको कुरा अशुद्ध देखिन्छ ।

डम्बर शाहका छोरा कृष्ण शाह पनी धार्मिक प्रकृतिका राजा भये औ ११ वर्ष राज्य गरी इनको मृत्यु १६५६ मा भयो ।

(पृथ्वीनारायण शाहको ३० पृ.)

यहाँ ज्ञवालीज्यूले कृष्ण शाहको मृत्यु ई. सं. १६५६ (वि. सं. १७१३) मा भयो भनी लेख्नुभएको छ ।

कृष्ण शाह १६४५–१६६१

(पृथ्वीनारायण शाहको २७७ पृ.)

यहाँ ज्ञवालीज्यूले कृष्ण शाहले ई. सं. १६६१ (वि. सं. १७१८) सम्म राज्य गरे भनी लेख्नुभएको छ ।

यसरी ज्ञवालीज्यूको ग्रन्थको पूर्वार्द्धबाट वि. सं. १७१३ मा मृत्यु भएका कृष्ण शाह सो ग्रन्थको उत्तरार्द्धबाट वि. सं. १७१८ सम्म राज्य गरिरहेका देखिन आउँछन् ।

इनका उत्तराधिकारी पुत्र रुद्र शाहको १७ वर्षको राजत्व कालमा केही उल्लेख योग्य घटना भयेन औ इनको मृत्यु १६७३ मा भयो ।

(पृथ्वीनारायण शाहका ३०–३१ पृ.)

यहाँ ज्ञवालीज्यूले रुद्र शाहले १७ वर्ष राज्य गरे भनी लेख्नुभएको छ ।

रुद्र शाह १६६१–१६७३

(पृथ्वीनारायण शाहको २७७ पृ.)

यहाँ ज्ञवालीज्यूले रुद्र शाहले ई. सं. १६६१–१६७३ अर्थात् १२ वर्ष राज्य गरे भनी लेख्नुभएको छ ।

यसरी ज्ञवालीज्यूले रुद्र शाहले कहीँ १७ वर्ष राज्य गरे, कहीँ १२ वर्ष राज्य गरे भनी लेखी भ्रम उठाइदिनुभएको छ ।

यस कारण ज्ञवालीज्यूको यो ग्रन्थ अशुद्धिले मात्र होइन कि परस्परविरुद्ध कुराले पनि भरिएको छ भन्ने स्पष्ट हुन्छ ।

ज्ञवालीज्यूका ग्रन्थमा यस्ता अशुद्धि अनगिन्ती छन् । ती अशुद्धिका विषयमा र अरूको यश अपहरण गर्न ज्ञवालीज्यूले गर्नुभएको प्रयत्नको विषयमा पछि आउने सङ्ख्याहरूमा लेखिनेछन् ।

## सावधान–पत्र

### (१९ सङ्ख्या)

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका कुलपति श्रीसूर्यविक्रम ज्ञवालीद्वारा विरचित पृथ्वीनारायण शाह (परिवर्द्धित तथा संशोधित) नामक पुस्तकमा रहेका शाह राजाहरूको राज्यकालसम्बन्धी अशुद्धिको विषयमा सावधान–पत्र १८ सङ्ख्यामा लेखेको थिएँ । यस १९ सङ्ख्यामा सोही पुस्तकमा रहेका मल्ल राजाहरूको राज्यकालसम्बन्धी अशुद्धिका २ वटा उदाहरण दिइन्छन् ।

यसको फलस्वरूप काठमांडुका राजा पार्थिवेन्द्र मल्ल (१६८०–१६६४) ता सिंधुली गढी आफ्ना अधिकारमा तुल्याउन समर्थ भयेका थिये ।

(पृथ्वीनारायण शाहको ३३ पृ.)

यहाँ ज्ञवालीज्यूले पार्थिवेन्द्र मल्लले ई. सं. १६९४ (वि. सं. १७५१) सम्म राज्य गरे भनी लेख्नुभएको छ । अब यसको परीक्षा गरिन्छ ।

सं. ८०७ आषाढशुक्लः ।। तृतीया ऽ अश्लेष ऽ प्र ऽ मघानक्षत्र सुद्धि प्र व्यतिपातयोग ऽ शनिश्चरवार । थ्व कुन्हुया रात्रीया घटि ९ श्रीश्रीपार्थिवेन्द्र मल्ल मोक ऽ आरकस वासर तयाओ नकाओ ऽ

(चन्द्रमान जोशीको सङ्ग्रहमा रहेको ठ्यासफुबाट)

[ने. सं. ८०७ (वि. सं. १७४४) आषाढशुक्ल तृतीया अश्लेषाउप्रान्त मघानक्षत्र सिद्धिउप्रान्त व्यतिपातयोग शनैश्चरवारका दिन राति ९ घडी जाँदा खाने कुरामा औषधि (विषादि) हाली खुवाइएकाले श्रीश्रीपार्थिवेन्द्र मल्लको मृत्यु भयो ।]

(वि. सं. २०१९ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको इतिहास–संशोधनको प्रमाणप्रमेयको मूल भागका २७६, २७८ पृ.)

यताबाट वि. सं. १७४४ मा पार्थिवेन्द्र मल्लको मृत्यु भएको देखिएकोले वि. सं. १७५१ सम्म पार्थिवेन्द्र मल्लले राज्य गरे भनी ज्ञवालीज्यूले लेख्नुभएको कुरा अशुद्ध ठहर्छ ।

भादगाउँका राजा भूपतीन्द्र मल्लले (१६९६–१७२२) इनलाई आदरसँग भादगाउँमा राखे

(पृथ्वीनारायण शाहको ३५ पृ.)

यहाँ ज्ञवालीज्यूले भूपतीन्द्र मल्लले ई. सं. १६९६ (वि. सं. १७५३) देखि राज्य गरे भनी लेख्नुभएको छ ।

भादगाउँका अन्तिम राजा रणजित् मल्ल (१७२२–१७६९) तथा उनका पिता भूपतीन्द्र

मल्लका (१६४६–१७२२) मोहरहरुको अठारौं शताब्दिका पूर्वार्धमा तिब्बतमा निकै प्रचार भयेको थियो ।

(पृथ्वीनारायण शाहको २१२ पृ.)

यहाँ ज्ञवालीज्यूले भूपतीन्द्र मल्लले ई. सं. १६४६ (वि. सं. १७०३) देखि राज्य गरे भनी लेखनुभएको छ ।

यसरी ज्ञवालीज्यूले भूपतीन्द्र मल्लले कहीँ वि. सं. १७५३ देखि राज्य गरे, कहीँ वि. सं. १७०३ देखि राज्य गरे भनी भ्रम उठाइदिनुभएको छ ।

यसरी ज्ञवालीज्यू नेपालको सबै कालको इतिहासमा भ्रम फैलाउने काममा लाग्नुभएको छ भन्ने स्पष्ट हुन्छ ।

ज्ञवालीज्यूको ग्रन्थमा रहेका अरू अशुद्धिहरूका विषयमा सावधान–पत्रका आगामी सङ्ख्याहरूमा लेखिनेछन् ।

## सावधान–पत्र
## (२० सङ्ख्या)

श्री ५ पृथ्वीनारायण शाहका सामानकालिक कवि ललितावल्लभले वि. सं. १८२७ मा लेखेको पृथ्वीन्द्रवर्णोदय काव्य वीरपुस्तकालयमा छ । सो काव्यमा ३ सर्ग छन् । पहिलो सर्गमा ७० श्लोक, दोस्रो सर्गमा १४ श्लोक, तेस्रो सर्गमा १८ श्लोक छन् । ती सर्गका नाम क्रमैले सकलरिपुकुलध्वंसन, नारायणावतारस्तवनकथन, गुणवर्णन छन् । तीन सर्गमध्ये पहिलो सर्गमा विशेष गरी इतिहास तथा दोस्रो तेस्रो सर्गमा काव्यात्मक वर्णन छ ।

वि. सं. २०२५ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित श्री ५ पृथ्वीनारायण शाहको उपदेशनामक ग्रन्थका ४३४–४७६ पृष्ठमा हामीले (पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य, दिनेशराज पन्तले) पृथ्वीन्द्रवर्णोदय काव्यको पहिलो सर्ग, त्यसको नेपाली अनुवाद, पहिलो सर्गको संक्षिप्त रूप, त्यसको नेपाली अनुवाद तथा दोस्रो सर्गको बाह्रौँ श्लोक र तेस्रो सर्गका पहिलो तथा अन्तिम श्लोकलाई नेपाली अनुवादसहित छपाएका छौँ ।

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका कुलपति श्रीसूर्यविक्रम ज्ञवालीको वि. सं. २०३३ मा प्रकाशित पृथ्वीनारायण शाह (परिवर्द्धित तथा संशोधित) नामक पुस्तकका ठाउँठाउँमा पृथ्वीन्द्रवर्णोदयको पहिलो सर्गका श्लोक परेका छन् । त्यहाँ पृथ्वीन्द्रवर्णोदयलाई अप्रकाशित भनी लेखिएको छ । त्यस विषयमा यहाँ केही लेखिन्छ ।

ललितावल्लभको अप्रकाशित पृथ्वीन्द्रवर्णनोदय नामक खण्ड काव्यमा पनी पारकोट नाम प्रयोग न गरी यो क्षेत्रलाई नै गोर्खा भनेको छ–

"गोरक्षाऽभिदपर्वतो विजयते गौरीगुरोर्दक्षिणे
कृष्णायाः सरितश्च पूर्वविषये शूलोद्भवा पश्चिमे ।

यस्मिन् सिद्धवरोऽस्ति वै शिवतनु गोरक्षनाथाऽभिध
स्तन्मध्ये नगरी नगारिनगरीतुल्यातदाख्यान्विता ।।"

(पृथ्वीनारायण शाहको ३ पृ.)

ज्ञवालीज्यूले यहाँ अप्रकाशित भनी उल्लेख गर्नुभएको यो श्लोक श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ४३७ पृष्ठमा क्रमपूर्वक मुद्रित छ । जस्तै–

**गोरक्षाभिधपर्वतो विजयते गौरीगुरोर्दक्षिणे
कृष्णायाः सरितश्च पूर्वविषये शूलोद्भवापश्चिमे ।
यस्मिन् सिद्धवरोऽस्ति वै शिवतनुर्गोरक्षनाथाह्वय-
स्तन्मध्ये नगरी नगारिनगरीतुल्या तदाख्याञ्चिता ।।२।।**

यो विजयको उल्लेख अप्रकाशित पृथ्वीन्द्रवर्णनोदयमा यसरी गरियेको छ–

श्री गोरक्षशतक्रतुः पुनरहो नेपालपालत्रयी-
मन्योन्यं प्रविदारयन् सुजगहे तन्नीवृतः सर्वशः ।
कृत्वालम्बकपर्वतं निजवशे प्राच्यां द्विलक्षादिकान्
श्री गङ्गावधि सुस्थितान् विदलयन्नन्यः क्षमामृन्मतः ।

(पृथ्वीनारायण शाहको १०६ पृ.)

ज्ञवालीज्यूले यहाँ अप्रकाशित भनी उल्लेख गर्नुभएको यो श्लोक श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ४४४ पृष्ठमा क्रमपूर्वक मुद्रित छ । जस्तै–

**श्रीगोरक्षशतक्रतुः पुनरहो नेपालपालत्रयी-
मन्योन्यं प्रविदारयन् सुजगृहे तन्नीवृतः सर्वशः ।
कृत्वा लम्बकपर्वतं निजमहो प्राच्यां द्विलक्षादिकान्
श्रीगङ्गावधिसंस्थितान् विदलयन्नन्यक्षमाभृन्मनः ।।४३।।**

आमृष्यन्तमथ स्वविक्रमसौ नेपालपक्षस्थितं
माकन्दावनिपं कुटुम्बसहितं बध्नन् हि दिग्बन्धनम् ।।
सर्वं तद्विषयं स्वकीयमकरोद्यस्मान्नृपेणाऽमुना
प्राप्यन्ते प्रतिवर्षमेव शतशस्स्तम्भेरमा उत्तमा ।।

–अप्रकाशित पृथ्वीन्द्रवर्णनोदय बाट ।

(पृथ्वीनारायण शाहको १३१ पृ.)

ज्ञवालीज्यूले यहाँ अप्रकाशित भनी उल्लेख गर्नुभएको यो श्लोक श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ४४४ पृष्ठमा क्रमपूर्वक मुद्रित छ । जस्तै–

**आमृष्यन्तमभ्र स्वविक्रममसौ नेपालपक्षस्थितं**
**माकन्दावनिपं कुटुम्बसहितं बध्नन् हि दिग्बन्धनम् ।**
**सर्वं तद्विषयं स्वकीयमकरोद् यस्मान्नृपेणाऽमुना**
**प्राप्यन्ते प्रतिवर्षमेव शतशः स्तम्बेरमा उत्तमाः ।।४४।।**

केही निवासीहरुको मात्र नाक-कान काटियेको भन्ने प्रमाण अप्रकाशित पृथ्वीन्द्र-वर्णनोदय-काव्यको हो । तेसमा यो सम्बन्धमा यसो भनेको छ–

सर्वान् दुर्गवरान् स भूपतिवरो भित्वा चतुर्दिक्स्थितान्
रम्यं कीर्तिपुरेति विश्रुतपुरं जग्राह भूरिश्रवा ।
हत्वा शत्रुमनस्विनः कति पुनः प्रच्छिद्यनासादिकं
कृत्वा कांश्र विरूपिणः कुपुरुषान् कीर्तिस्वरूपं द्विषः ।।

(पृथ्वीनारायण शाहको १४३ पृ.)

ज्ञवालीज्यूले यहाँ अप्रकाशित भनी उल्लेख गर्नुभएको यो श्लोक श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ४४५ पृष्ठमा क्रमपूर्वक मुद्रित छ । जस्तै–

**सर्वान् दुर्गवरान् स भूपतिवरो भित्त्वा चतुर्दिक्स्थितान्**
**रम्यं कीर्तिपुरेति विश्रुतपुरं जग्राह भूरिश्रवाः ।**
**हत्वा शत्रुमनस्विनः कति पुनः प्रच्छिद्य नासादिकं**
**कृत्वा कांश्च विरूपिणः कुपुरुषान् कीर्तिस्वरूपान् द्विषः ।।४६।।**

माथिका यी उद्धरणबाट ज्ञवालीज्यूले पृथ्वीन्द्रवर्णोदयलाई अप्रकाशित भनी त्यहाँका जुन जुन श्लोकलाई उद्धरण गर्नुभएको छ, ती ती श्लोक उहाँको किताप प्रकाशित हुनुभन्दा ८ वर्षपहिले नै श्री ५ पृथ्वीनारायण शाहको उपदेशमा क्रमपूर्वक छापिइसकेका थिए भन्ने स्पष्ट हुन्छ ।

ज्ञवालीज्यूले श्री ५ पृथ्वीनारायण शाहको उपदेश देख्नुभएको थिएन कि भन्ने शङ्का पनि यहाँ उठ्न सक्छ । तर ज्ञवालीज्यूको सो पुस्तकको ग्रन्थ विवरणीमा (२७६ पृष्ठमा)

श्री ५ पृथ्वीनारायण शाहको उपदेश– विविध लेखक– जगदम्बा प्रकाशन– पाटन

लेखिएको देखिनाले ज्ञवालीज्यूले श्री ५ पृथ्वीनारायण शाहको उपदेश देख्नुभएको थिएन भन्ने शङ्का उठ्न सक्दैन । यस कारण ज्ञवालीज्यूले जानाजान नै पृथ्वीन्द्रवर्णोदयलाई अप्रकाशित भनीं लेख्नुभएको देखिन्छ ।

ज्ञवालीज्यूको ग्रन्थमा रहेका शाह राजा र मल्ल राजाहरूका राज्यकालसम्बन्धी अशुद्धिको विषयमा सावधान-पत्र १८, १९ सङ्ख्यामा सप्रमाण मैले लेखेको थिएँ । सावधान–पत्रको यस २० सङ्ख्याबाट ज्ञवालीज्यूले

हाम्रो यश अपहरण गर्न प्रयत्न गर्नुभएको झल्किन्छ । यसरी ज्ञवालीज्यू इतिहासमा अशुद्ध कुरा लेखी भ्रम फैलाउनुका साथै अरूको यश अपहरण गर्न पनि लाग्नुभएको स्पष्ट हुन्छ ।

अरू पछि

### सावधान-पत्र

### (२१ सङ्ख्या)

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका कुलपति श्रीसूर्यविक्रम ज्ञवालीद्वारा विरचित पृथ्वीनारायण शाह (परिवर्द्धित तथा संशोधित) नामक पुस्तकमा रहेका परस्पर बाझिएका कुरा, इतिहाससम्बन्धी अशुद्धि तथा ज्ञवालीज्यूले अरूको यश अपहरण गर्न गर्नुभएको प्रयत्नको विषयमा सावधान-पत्र १८, १९, २०, सङ्ख्यामा मैले लेखेको थिएँ । धेरै वर्षअघि खोजी भई निर्णय भइसकेका विषयमा नै ज्ञवालीज्यूले अशुद्धि गर्नुभएको छ । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको कुलपति जस्तो पदमा विराजमान व्यक्तिले देशमा विशेष शोध, अन्वेषण चलाउन प्रयत्न गर्नुपर्नेमा सो नभई शुद्ध भइरहेको इतिहासमा पनि भ्रम फैलन जाने खालका पुस्तक छपाउनु ज्यादै खेद लाग्ने कुरा हो । ज्ञवालीज्यू आफ्नो पदको गौरव सम्झनुहुन्छ भने उहाँले हामीले देखाएका अशुद्धिका खण्डन वा मण्डन गर्नुपर्छ ।

सावधान-पत्रको यस २१ सङ्ख्यामा ज्ञवालीज्यूको सोही पुस्तकमा रहेका २ वटा अशुद्धिको विषयमा लेख्दैछु ।

> सेंजाका मल्ल राजा जयतारि मल्लले १२९० मा उपत्यका माथी आक्रमण गरे औ यस पछीका दुई वर्षमा दुई पटक उनले आक्रमण गरे ।

(पृथ्वीनारायण शाहको ६९ पृ.)

जयतारि (जितारि) मल्लले ई. सं. १२९० मा तथा त्यसपछिका दुइ वर्ष अर्थात् ई. सं. १२९१ र १२९२ मा नेपालखाल्डोमा आक्रमण गरे भनी यहाँ ज्ञवालीज्यूले लेख्नुभएको छ ।

अब यसको परीक्षा गरिन्छ ।

> पश्चात्खशिया ववः ।। राजा जयतारि प्रथम प्रविष्टः सम्वच्छर चारि सय आठ पौषमासे साह्मगुस्थाने खशिया अवुठसय पातयित्वा, राष्ट्र सर्व वने सेवितम्. खशिया तेन पलायितम्. लोक स्वस्थेन स्वस्थानस्थितम् ।। तस्य सम्वच्छर प्रवर्त्तते फाल्गुणमासशुक्लत्रयोदशी । पुनः द्वितीय जयतारो प्रविष्टः । ग्रामादि अग्निदाहं करोति ।। स्येँगुचेत प्रस्थयति, बुग्मलोकेश्वरद्रशनम् श्रीपशुपतिप्रसनम् स्वस्थेन स्वराष्ट्रगमनम्भवति ।। सम्वच्छर चारि सय नव ।।

(गोपालराजवंशावली २६ पत्रबाट)

[पश्चिमबाट खशिया आए । ने. सं. ४०८ (वि. सं. १३४४) पौषमा राजा जयतारि (जितारि मल्ल) पहिलो पटक पसे । सिम्भूमा आठ शय खसियालाई सिद्ध्याई सारा राष्ट्र वन पस्यो । त्यस कारण खशिया भागे । दुनियाँ आनन्दसँग आफ्नो आफ्नो ठाउँमा बसे । त्यसको एक वर्ष बित्यो । फाल्गुनशुक्ल त्रयोदशीमा फेरि दोस्रो पल्ट जयतारि (जितारि मल्ल) पसे; उनले गाउँहरूमा आगो लाइदिए; उनी सिम्भूको चैत्यमा गए; उनले बुङमतीको लोकेश्वरको (राता मछिन्द्रनाथको) दर्शन गरे, श्रीपशुपतिलाई खुशी पारे; उनी ने. सं. ४०९ (वि. सं. १३४५) मा आनन्दसँग आफ्नो देश फर्के । ]

(वि. सं. २०१९ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित धनवज्र वज्राचार्य, रामजी तेवारी, देवी-प्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको इतिहास–संशोधनको प्रमाण–प्रमेयको मूल भागको १४८ पृ. । त्यहाँ छापिएको अनुवादमा केही संशोधन गरी यो अनुवाद तयार गरिएको छ ।)

**सं ४१० फाल्गुणकृष्ण प्रदीपदा जयतारि वस्यंलि तेल नवक्बाठ काया, बुगन्देवल पयिसरपम्भण्डार दुंता । ग्वल्वंस पछिम द्वारण दुम्बिस्यम्. थव लान अङ्काल बिस्यम् स्वान छाया उप्रहाथ पश्चिम द्वारस टया, थ्व लिव ग्राम द्वाको मे चोया, लिंछि यह्लंस गह्ल याङ माङा गह्ल मचाल्व.**

(गोपालराजवंशावली ४० पत्रबाट)

[ने. सं. ४१० (वि. सं. १३४६) फाल्गुनकृष्ण प्रतिपदाका दिन जयतारि (जितारि मल्ल) आई नुवाकोट दखल गरे; बुङमतीको देवलमा (राता मछिन्द्रनाथकहाँ) गई कोष चढाए; देउपाटनमा पश्चिम ढोकाबाट पसे; यस पालि . . . यसपछि गाउँहरूमा आगो लाइदिए; एक महीनासम्म ललितपुरमा किल्ला जमाई बसे; किल्ला फुटेन । ]

(वि. सं. २०२२ मा संशोधन–मण्डलद्वारा प्रकाशित पूर्णिमा ६ अङ्कमा छापिएको धनवज्र वज्राचार्यको कर्नालीप्रदेशको इतिहासको एक झलक भन्ने निबन्ध, सो अङ्कका २२–२३ पृ.)

गोपालराजवंशावलीका माथिका उद्धरणबाट जितारि मल्लले वि. सं. १३४४, १३४५, १३४६ (ई. सं. १२८८, १२८९, १२९०) मा नेपालखाल्डोमा आक्रमण गरेको स्पष्ट हुन्छ । यस कारण जितारि मल्लले ई. सं. १२९०, १२९१, १२९२ मा नेपालखाल्डोमा आक्रमण गरे भनी ज्ञवालीज्यूले लेख्नुभएको कुरा अशुद्ध ठहर्छ ।

बहादुर शाहका नायबी कालमा पश्चिम विजय आरम्भ गर्नु भन्दा अघी १७८६ मा उनले पाल्पाका पृथ्वीपाल सेनकी छोरी सँग विबाह गरी पाल्पालाई तटस्थ तुल्याई निर्विघ्नपूर्वक काली तरो पश्चिमको विजय अभियान आरम्भ गरेका थिये ।

(पृथ्वीनारायण शाहको १७३ पृ.)

बहादुर शाहको पृथ्वीपाल सेनकी छोरीसँग विवाह भयो भनी यहाँ ज्ञवालीज्यूले लेख्नुभएको छ। तर त्यसैताकाका ह्यामिल्टनले बहादुर शाहको महादत्त सेनकी छोरीसँग विवाह भयो भनी लेखेका छन्। यस विषयको ह्यामिल्टनको वाक्य तल लेखिएबमोजिमको छ –

महादत्त अल्सो एन्टर्ड् इन्टु द स्ट्रिक्टएस्ट् अलाइअन्स् विद् बहादुर् साहि, यङ्गर् सन् अफ् पृथ्वी नारायण्, यान्ड् रीजन्ट् अफ् गोर्खा ड्यूरङ द मिनर्ईटि अफ् हिज् नेभ्यु रण बहादुर्। इन् अर्डर् टु सिमेन्ट् द फ्रेन्ड्शिप्, महादत्त गेभ् हिज् डटर् इन् म्यार्इज् टु द रीजन्ट्...

[फ्रान्सिस ह्यामिल्टनको यान् अकाउन्ट् अफ् द किङडम् अफ् नेपाल् यान्ड् अफ् द टेर्इटर्इज् अनेक्सड् टु दिस् डोमिनियन् बाइ द हाउस् अफ् गोर्खा (नेपाल अधिराज्यको र गोर्खाली राजवंशले यस राज्यमा गाभेका प्रदेशहरूको वर्णन) को १७३ पृ.]

[पृथ्वीनारायणका कान्छा छोरा बहादुर शाह आफ्ना भतिजा रणबहादुर नाबालग हुँदा गोर्खाका राजप्रतिनिधि भएका थिए। बहादुर शाहसँग पनि महादत्तले अटल सम्बन्ध कायम गरे। यस सम्बन्धलाई अझ बलियो पार्नाको लागि महादत्तले आफ्नी छोरीको बिहे राजप्रतिनिधि (बहादुर शाह) सँग गरिदिए।]

[वि. सं. २०२८ मा प्रकाशित पूर्णिमा २५ अङ्कमा छापिएको महेशराज पन्तको पाल्पा राज्यको नेपाल अधिराज्य र अवधसँग सम्बन्ध (वि. सं. १८४२-१८५७) भन्ने निबन्ध, सो अङ्कका १–२ पृ. । त्यहाँ छापिएको अनुवादमा केही संशोधन गरी यो अनुवाद तयार गरिएको छ।]

यताबाट बहादुर शाहको विवाह महादत्त सेनकी छोरीसँग भएको स्पष्ट हुन्छ।

पृथ्वीपाल सेन महादत्त सेनका छोरा हुन्[१]। यस कारण बहादुर शाहकी पत्नी पृथ्वीपाल सेनको छोरी होइनन् कि दिदी वा बहिनी हुन् भन्ने स्पष्ट हुन्छ।

ज्ञवालीज्यूका ग्रन्थमा यस्ता अशुद्धि अनगिन्ती छन्। तिनको विषयमा क्रमशः लेखिनेछ।

***

---

१. श्रीमन्महादत्तनृपाद् बभूवुर्भूयिष्ठभूपालगुणाभिभाजः।
शक्तित्रयोदग्रफलीभवन्तः पुत्रास्त्रयश्चारुमहामहान्तः ॥४७॥
श्रीमत्पृथ्वीपालसेनो महौजा राजा यस्यां सा च राजन्वती भूः।

(भवदत्तद्वारा रचित सेनवंशावलीबाट। शङ्करमान राजवंशीद्वारा सम्पादित सेनवंशावलीको २९ पृष्ठबाट)

[राजा महादत्त सेनबाट राजामा हुनुपर्ने धेरै गुण भएका त्रिशक्ति (उत्साह, प्रभाव, मन्त्र) ले सफल भएका, राम्रा र ठूला तीन जना छोरा हुनुभयो।

ठूलो तेज भएका श्रीमान् पृथ्वीपाल सेन जहाँ (पाल्पामा) राजा हुनुहुन्छ, जसले गर्दा पृथ्वी (पाल्पा) राजन्वती (असल राजाले युक्त भएकी) छन्।]

(वि. सं. २०२७ मा प्रकाशित पूर्णिमा २४ अङ्कमा छापिएको महेशराज पन्तको नेपालसँग वजीर अलीकाण्डको सम्बन्ध भन्ने निबन्ध, सो अङ्कका २७३–२७४ पृ.)

# नरेन्द्र मल्लका मन्त्री कुसुमराजले स्थापना गरेको धातुको चतुर्मूर्ति विष्णुको अप्रकाशित अभिलेख

–महेशराज पन्त

हनूमान्ढोकादरबारको पटाङ्गिनीमा रहेका साना ठूला मन्दिरहरूमध्ये जगन्नाथदेवल पनि एक हो। सोही जगन्नाथदेवलको दक्षिण ढोकाको भित्रपट्टिको कोठामा चतुर्मूर्ति विष्णुको ढुङ्गे प्रतिमा छ। त्यस मूर्तिको पादपीठमा कुँदिएको अभिलेखअनुसार महेन्द्र मल्लले ने. सं. ६८३ (वि. सं. १६१९) मा सो मूर्तिको स्थापना गरेका थिए भन्ने स्पष्ट हुन्छ[१]। जगन्नाथदेवलको दक्षिणढोकाको भित्रपट्टिको सोही कोठामा चतुर्मूर्ति विष्णुको धातुको पाताले बनाइएको सुनौला मूर्ति त्यसै राखिएको छ। सो चतुर्मूर्तिका प्रत्येक प्रतिमा अलग अलग छुट्टिएर रहेका छन्। ती चारवटै मूर्तिका पादपीठमा अभिलेख कुँदिएका छन्। यी अभिलेखबाट[२] ने. सं. ६७८ (वि. सं. १६१४ वा १६१५)[३] मा नरेन्द्र मल्लका मन्त्री ज्योतिषी कुसुमराज र उनकी पत्नी जीवलक्ष्मीले चतुर्मूर्ति विष्णुको सो प्रतिमाको स्थापना गरेका हुन् भन्ने बुझिन्छ।

---

१. वि. सं. २०३३ मा काठमाडौँबाट त्रिभुवन–विश्वविद्यालयको नेपाल र एशियाली अध्ययन संस्थान-द्वारा प्रकाशित गौतमवज्र वज्राचार्यको हनूमान्ढोका राजदरबारको १६७ पृष्ठमा यो अभिलेख छापिएको छ। अहिले म र श्रीऐश्वर्यधर शर्मा रुजु गर्न जाँदा श्रीगौतमवज्र वज्राचार्यले पढ्नुभएको पाठभन्दा बढी पाठ पढ्न सकिएको छ। सो अभिलेखको अहिले पढ्न सकिए जति पाठ यस प्रकारको छ–

१. स्वस्ति श्रीश्रीजयमहेन्द्रमल्लदेवन श्रीवासु[१]–
२. देवादिप्रतिमा (स्था)पितेति सम्त्रत्
३. ६८३ माघशु(क्ल) .... शुभ[२]॥

२. मैले र श्रीऐश्वर्यधर शर्माले मिलेर यो पाठ पढेका हौँ।

३. अभिलेखमा संवत् मात्र कुँदिएको र महीना पक्ष तिथि आदि नदिइएकाले वि. सं. १६१४ वा १६१५ हुन सक्छ।

---

१. श्रीगौतमवज्र वज्राचार्यले यी ३ अक्षर पढ्न सक्नुभएको छैन।

२. श्रीवज्राचार्यले यी २ अक्षर पढ्न सक्नुभएको छैन।

बासुदेवको मूर्तिको पादपीठको अभिलेख

१. १ स्वस्ति ।।

स्वाराज्याधिकसौकुमार्य्यमवतो राज्यं नयोद्यन्मतेः

श्रीश्रीवीरनरेन्द्रमल्लनृपतेरत्यन्तविश्वासभूः ।

मन्त्री मन्त्रविशारदो मधुरवाग्ज्योर्तिव्विदामग्रणीः (णीश्)[४]-

चक्रे व्यूहचतुष्ट-

२. यस्य रचनां स्वणः सुवर्णोज्ज्वलैः ।।

स इह सर्व्वहिताचरणव्रती कुसुमराज इति प्रथितः कृती ।

विशदयन् सदयन्नयभाषया जयति राजसभासु सभासदः ।।

विविधसुकृतकर्त्री

३. वेदशास्त्रज्ञदात्री

जगति जयति भार्य्या (र्या) जीवलक्ष्मो (क्ष्मीस्) तदीया ।

चतसृषु हरिर्मूर्त्तिष्वेकमूर्त्तेः सुवर्ण्णं

मुरहरपदभक्त्या दत्तवत्यात्म (त्म) शक्त्या ।।

सम्व (संव) त् ६७८

[राज्यलाई स्वर्गभन्दा बढी राम्रोसँग रक्षा गरेका, नीतिमा बुद्धि लाएका वीर राजा श्रीश्रीनरेन्द्र मल्लका अत्यन्त पत्यारिला, मन्त्री, सल्लाह दिनमा सिपालु, मुख्य ज्योतिषीले सुनले चहकिलो चतुर्व्यूह बनाउनुभयो ।

सबैको हित गर्ने व्रत लिएका, विद्वान्, उहाँ कुसुमराज राजसभाहरूमा सभासद्हरूलाई दया गरी नीतिको कुराले प्रसन्न पार्दै यहाँ रहनुभएको छ ।

नानाकिसिमका धर्मकर्म गर्ने, वेद र शास्त्र जान्नेहरूलाई दान दिने, उहाँको पत्नी जीवलक्ष्मी हुनुहुन्छ । उहाँले विष्णुको पाउको भक्तिले गर्दा विष्णुका चार मूर्तिमध्ये आफ्नो गच्छेअनुसार एक मूर्तिको सुन दिनुभयो ।

ने. सं. ६७८ (वि. सं. १६१४ वा १६१५)]

सङ्कर्षणको मूर्तिको पादपीठको अभिलेख

१. १ स्वस्ति ।। श्रीवासुदेवचतुर्व्यू (व्यू) हस्य ‸ दक्षिणाभिमुख ‸ श्रीबलदेव–

२. प्रतिमा ‸ ।। परमेश्वर यितिया ‸ मुख थ्व जुरो ।।

---

४. मूलमा परेका अशुद्धिलाई सच्याई शुद्ध रूप कोष्ठमा दिइएका छन् ।

[ कल्याण होओस् ।
श्रीवासुदेवको चतुर्व्यूहमध्ये दक्षिणपट्टिको श्रीवलदेवको मूर्ति । परमेश्वर . . . को
मुख यो भयो । ]

प्रद्युम्नको मूर्तिको पादपीठको अभिलेख

**१. १ स्वस्ति ।। श्रीवासुदेवव्यूहस्य ˎˎ प्रद्युम(म्न)प्रतिमा परमेश्वर यिति थ्व जुरोः ।।**

[ कल्याण होओस् ।
श्रीवासुदेवको व्यूहमध्ये प्रद्युम्नको मूर्ति । परमेश्वर . . . यो भयो ।]

अनिरुद्धको मूर्तिको पादपीठको अभिलेख

**१. १ स्वस्ति ।। श्रीवासुदेवचतुर्वि(र्व्यू)हस्य उत्तराभिमुख श्रीअनिरुद्धप्रतिमा ।।**
**२. परमेश्वर यितिप्रतिमा थ्व जुरो ।।**

[ कल्याण होओस् ।
श्रीवासुदेवको चतुर्व्यूहमध्ये उत्तरपट्टिको श्रीअनिरुद्धको मूर्ति । परमेश्वर . . . मूर्ति यो भयो ।]

○❁○

# महेन्द्र मल्लको विषयमा केही कुरा

–महेशराज पन्त

काठमाडौंका राजा नरेन्द्र मल्लको गद्दीनशीन राजाको रूपमा पाइएको सबभन्दा पछिल्लो लिखत ने. सं. ६८० (वि. सं. १६१७) वैशाखशुक्ल अष्टमीको[१] भएकोले र उनका उत्तराधिकारी तथा छोरा महेन्द्र मल्लको गद्दीनशीन राजाको रूपमा पाइएको सबभन्दा पहिलो लिखत ने. सं. ६८४ (वि. सं. १६२०) माघकृष्णको[२] भएकोले नरेन्द्र मल्लको सबभन्दा पछिल्लो लिखत र महेन्द्र मल्लको सबभन्दा पहिलो लिखतको बीचमा चार वर्षको अन्तर परेको छ भनी वि. सं. २०२३ मा श्रीडिल्लीरमण रेग्मीले लेख्नुभएको थियो[३] ।

---

१. वि. सं. २०२१ मा प्रकाशित पूर्णिमा ३ अङ्कमा छापिएको शङ्करमान राजवंशीको नरेन्द्र मल्ल र अमर मल्ल एकै व्यक्ति हुन् भन्ने निबन्ध, सो अङ्कको ३३ पृष्ठ

२. वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल् (नेपालको मध्यकालको इतिहास) २ भागका ४१–४२ पृष्ठ

३. नरेन्द्रमल्ल'ज् डकयुमन्ट्स् शो हिम् रेनइङ फ्रम् ६५८ टु ६८० । याज् इट् विल् अपीर् हिज् सक्सेस्अर'ज् फर्स्ट् यासर्अर्ट् इन्ड् डेट् कम्ज् ४ यर्ज् आफ्टर् ।
(मेडिईभल् नेपाल् २ भागको ४१ पृष्ठ)

यसपछि वि. सं. २०२३ मै श्रीगौतमवज्र वज्राचार्यले एउटा अप्रकाशित ठ्यासफु छपाउनुभयो[३]। उहाँले सो ठ्यासफुको ऐतिहासिक व्याख्या डेढ वर्ष जति लगाएर वि. सं. २०२४–२०२५ मा क्रमशः प्रकाश गराउनुभयो[५]। सो ठ्यासफुमा एक ठाउँमा राजा महेन्द्र मल्लले ने. सं. ६८२ (वि. सं. १६१८) फाल्गुन-शुक्ल तृतीयाको दिन महेन्द्रेश्वर (मखनटोलका पशुपति) को प्रतिष्ठा गरे भनी लेखिएको छ[६]। तर उहाँको सो ऐतिहासिक व्याख्यामा महेन्द्र मल्लले महेन्द्रेश्वरको प्रतिष्ठा गरेको चर्चा नगरिएकोले र केही भागको विशेष गरेर धार्मिक काम कुरासँग सम्बन्ध राख्ने भागको अहिले राम्ररी अर्थ नलागिसकेकोले सम्पूर्ण भागको अनुवाद व्याख्या प्रकाश गर्न सकिएन[७] भनी उहाँले आफ्नो व्याख्याको उठानमा लेख्नुभएकोले ने. सं. ६८२ (वि. सं. १६१८) मा राजाको रूपमा महेन्द्र मल्लको पाइएको यो उल्लेख राजाको रूपमा महेन्द्र मल्लको पाइएसम्ममा सबभन्दा पहिलो उल्लेख हो भन्ने कुराको ख्याल नराखेको देखिन्छ[८]।

---

[नरेन्द्र मल्लका लिखतहरूबाट उनले ने. सं. ६५८ (वि. सं. १६९४) देखि ने. सं. ६८० (वि. सं. १६१७) सम्म राज्य गरिरहेको देखिन्छ। उनका उत्तराधिकारीको थाहा भएसम्ममा पहिलो मिति ४ वर्षपछि आउँछ। यस विषयमा पछि लेखिनेछ।]

४. वि. सं. २०२३ मा प्रकाशित पूर्णिमा १२ अङ्कका २२–३९ पृष्ठमा छापिएको गौतमवज्र वज्राचार्यको अप्रकाशित ठ्यासफु (ऐतिहासिक घटनावलि) भन्ने निबन्ध।

५. वि. सं. २०२४ मा प्रकाशित पूर्णिमा १३ अङ्कका १५–२५ पृष्ठ, १४ अङ्कका १३३–१३९ पृष्ठ, १६ अङ्कका ३७२–३८२ पृष्ठ र वि. सं. २०२५ मा प्रकाशित पूर्णिमा १७ अङ्कका ९–१४ पृष्ठमा छापिएको गौतमवज्र वज्राचार्यको ठ्यासफुको ऐतिहासिक व्याख्या भन्ने निबन्ध।

६. पूर्णिमा १२ अङ्कको ३० पृष्ठ
यस ठ्यासफुको मसँग रहेको तसवीरबाट महेन्द्रेश्वरसम्बन्धी अंशको पाठ सच्याई यहाँ दिइन्छ–

१ सम्वत् ६८२ फाल्गुणशुक्लः ।। तृतीयान्तिथौ, उत्रभद्रनक्षत्र, शुक्रवार ।।थ्व कुन्हु श्रीश्रीमहेन्द्रेश्वर पतिस्था याङा दिन चोस्यं तया जुरो ।। थ्व लपने श्रीतरव भीम बोया दिन जुरो ।। यंडया अर्जुनित्वं बोया जुरो ।। थंबहिरिया सिद्धिनाथ बोया जुरो ।। श्रीरामतों बोया जुरो ।। थ्व लस तलिका माल, न्हसस माल कुन्तलनं तियकं यात याङा जुरो, श्रीश्रीजयमहेन्द्रमल्लदेव प्रभु ठाकुलस्यं दयका जुरो ।।

७. पूर्णिमा १३ अङ्कको १५ पृष्ठ

८. वि. सं. २०३१ मा काठमाडौँबाट त्रिभुवन–विश्वविद्यालयको नेपाल र एशियाली अध्ययन संस्थानद्वारा प्रकाशित यान् इन्ट्रडक्शन् टु द हनूमान्ढोका (हनूमान्ढोकाको परिचय) को ५६ पृष्ठमा महेन्द्र मल्लले वि. सं. १६१८ मा महेन्द्रेश्वरमन्दिर बनाए भनी लेखिएको छ। त्यहाँ प्रमाण खुलाइएको छैन तापनि यो संवत्

वि. सं. २०३३ मा श्रीगौतमवज्र वज्राचार्यले महेन्द्र मल्लको ने. सं. ६८३ (वि. सं. १६१९) माघ-शुक्लको अभिलेख छपाउनुभयो[९] । तर यो अभिलेख पनि राजाको रूपमा महेन्द्र मल्लको पहिलो पटक उल्लेख आएको भनी मानिएको समय ने. सं. ६८२ (वि. सं. १६१८) फाल्गुनशुक्ल तृतीयाभन्दा ११ महीना जतिपछिको नै भएकोले ने. सं. ६८२ (वि. सं. १६१८) फाल्गुनशुक्ल तृतीया नै राजाको रूपमा महेन्द्र मल्लको उल्लेख भएको पहिलो समय हो भन्ने सिद्धान्तमा परिवर्तन गर्नुपर्ने अवस्था आएको थिएन ।

मसँग रहेको ३३½ अङ्गुल लम्बा २ अङ्गुल चौडा एउटा अप्रकाशित ताडपत्रबाट महेन्द्र मल्लको राज्यकालको विषयमा केही प्रकाश पर्ने हुनाले त्यसको उतार यहाँ दिनुपरेको छ–

१. १ स्वस्ति ।। श्रीश्रीजयमहेन्द्रमल्लदेव प्रभु ठाकुरसन दृष्टसाक्षि जुस्यं प्रसन
जुया यंबु द्वंडनबहीरि यंता लिबिछें गृहवाऽटव्य, माता जयलक्ष्मीन
स्वपुत्री, हेरु, हेरास, हेरन स्वह्म तर केहेस्तं शुया भागन षारं ओयातं
तामात्र दुं काय याङ चोस्यं बिया भाषा थ्वते ।। माता जयलक्ष्मीया, छे बु
बल दुंधनं पिधनं चतुस्पदादि अष्टलोहो आदिपं॥सर्व्व विभु, थ्वते, हेरु हेरास,
हेर थ्व स्बंस शुया भागन खारं ओयात शुक्रीविक्री स्व आयत थाङ चोस्यं
बिया जुरो ।। अवर्नालिस बियादो मदो धास्यं छो धास्यं नोहचि मदो
२. जुरो ।। भाषा थ्व चोस्यं बिया छेया षा ने चाकर ठ ल्हेस्यं सोबुदि प्रबुदि ख ङ ङ
मेलेवंकाले, थ्व चोस्यं बिको मथ्याक्वं जुरो ।। सिबय जुंको ब्रियमाल जुरो ।।
पुनर्भाषा – – – – – –[१०] ले ह्मचाचपनिस अटकार मदो मामया परस्तु

ठ्यासफुकै आधारमा दिइएको देखिन्छ, किनभने महेन्द्र मल्लले महेन्द्रेश्वरमन्दिर बनाए भनी वंशावलीमा पनि लेखिएको भए तापनि त्यहाँ संवत् भने दिइएको छैन (वि. सं. २०२३ मा श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागको नेपाल राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित देवीप्रसाद लंसालद्वारा सम्पादित भाषावंशावली २ भागको ५७ पृष्ठ) । हनूमान्ढोकासम्बन्धी सो पुस्तकको मूल रूप श्रीगौतमवज्र वज्राचार्यले तयार गर्नुभएकोले (सोही पुस्तकको भूमिकाको ६ पृष्ठ) पछि श्रीवज्राचार्यले ठ्यासफुको महेन्द्रेश्वरसम्बन्धी अंश बुझ्नुभएको देखिन्छ । वि. सं. २०३३ मा काठमाडौँबाट त्रिभुवन–विश्वविद्यालयको नेपाल र एशियाली अध्ययन संस्थान-द्वारा प्रकाशित गौतमवज्र वज्राचार्यको हनूमान्ढोका राजदरबारको ७९ पृष्ठमा ठ्यासफुको वाक्य दिई वि. सं. १६१८ फागुनमा राजा महेन्द्र मल्लले महेन्द्रेश्वर महादेवको मन्दिर बनाएका हुन् भनी लेखिएको छ ।

९. हनूमान्ढोका राजदरबारको १९७ पृष्ठ

यस अभिलेखको शुद्धरूप पूर्णिमाको यही अङ्कमा छापिएको नरेन्द्र मल्लका मन्त्री कुसुमराजले स्थापना गरेको धातुको चतुर्मूर्ति विष्णुको अप्रकाशित अभिलेख भन्ने मेरो निबन्धमा छापिएको छ, यही अङ्कको ७२ पृष्ठ ।

१०. यहाँनिर ताडपत्रको रेशा निस्किएकोले ६ वटा जति अक्षरको लोप भएको छ ।

ह्म्याचपनि थ्व आयत जुरो ।। श्रेयोऽस्तु । सम्वत् ६८२ माघमासे ।। शुक्लःपक्षे ।। दसम्यायान्तिथौ ।। शुभः ।।

नेवारी भाषामा लेखिएको यस ताडपत्रका सबै शब्दको अर्थ रामूरी लागेको छैन तापनि अर्थ लागे जति भागको अनुवाद यहाँ दिइन्छ—

कल्याण होओस् ।

श्रीश्रीजयमहेन्द्र मल्लदेव प्रभु ठाकुरबाट दृष्टसाक्षी भएर प्रसन्न भएर यंबु[११] ढ्वंडनबहीरिको[१२] उत्तर-पट्टिको पछाडिको घरमा बस्ने आमा जयलक्ष्मीले आफ्ना छोरीहरू हेरु हेरास हेर तीनजना दिदीबहिनीलाई जसको भाग . . . त्यसलाई मात्र भित्र हुल्ने गरी लेखेर दिएको बेहोरा यो हो ।

आमा जयलक्ष्मीका घर, खेत, छाप्रो, भित्री धन, बाहिरी धन, चौपाया आदि, अष्टधातु आदि यति सबै धन हेरु हेरास हेर यी तीनजनालाई जसको भाग . . . त्यसले सुकीबिक्री गर्न सक्ने गरी, आफ्नो अधिकार गर्न सक्ने गरी लेखेर दिइयो । अबउप्रान्त दिएको छ छैन भन्ने कुनै कुरा गरेर गाली गर्नु हुँदैन । यो बेहोरा लेखेर दिइयो ।

घरको खा[१३] दुइ चाकला आफ्नो नाउँमा सारेर आफ्नो बुद्धिले वा अरूको बुद्धिमा लागी कुरा सुनेर पोइल गएको खण्डमा यो लेखेर दिएको जति बदर हुन्छ र सबै धन फर्काउनुपर्छ ।

फेरि अर्को बेहोरा ।

. . . छोरीहरूको अधिकार हुँदैन । आमाको शेषपछि छोरीहरूको अधिकार हुन्छ ।

कल्याण होओस् ।

---

११. टेबहाल, वटु, मखन, यट्खा, काठेसिम्भू तथा ठहिटीसम्मको इलाकालाई पहिले यम्बु भन्ने चलन थियो [वि. सं. २०३१ मा त्रिभुवन–विश्वविद्यालयको नेपाल र एशियाली अध्ययन संस्थानद्वारा प्रकाशित कन्ट्रिब्युशन्ज् टु नेपालिज् स्टडइज् (नेपालविषयक विद्यासम्बन्धी लेख) १ वर्ष २ अङ्कका ९०–९८ पृष्ठमा छापिएको गौतमवज् वज्राचार्यको यङ्गल, यम्बु भन्ने निबन्ध] ।

१२. यम्बुभित्र टेबहाल र वटु पर्ने हुनाले यहाँ ढ्वंडनबहीरि भनेको टेबहाल र वटुको बीचमा पर्ने वर्तमान दुगंबहिल जस्तो देखिन्छ ।

१३. . . . राजा जयस्थिति मल्लले . . . घरका बन्देज प्रमाण बूढीअंगुठा २४ अंगुलीको एक हात आफ्ना हातको प्रमाण गरी बनाया । गल्लीघरको प्रमाण खा १ घरको चारैतर्फ नापी हात ९५, गल्लीभित्रका घरको प्रमाण खा १ को १०१ हात, सहरपट्टिका घरको प्रमाण ८५ हात घरको यति ३ प्रकार गरिदिया ।

(भाषावंशावली २ भागको ३८ पृष्ठ)

ने. सं. ६८२ (वि. सं. १६१८) माघशुक्ल दशमी तिथिको दिन ।
कल्याण ।

यस ताडपत्रबाट ने. सं. ६८२ (वि. सं. १६१८) माघशुक्ल दशमीको दिन राजाको रूपमा महेन्द्र मल्ल देखिएकाले उनको पालाको पहिलो लिखत अहिलेलाई यो ताडपत्र बन्न गएको छ । यस कारण ठ्यासफुमा ने. सं. ६८२ (वि. सं. १६१८) फाल्गुनशुक्ल तृतीयाको दिन आएको महेन्द्र मल्लको उल्लेख उनको पालाको दोस्रो सामग्री बन्न गएको छ । अब नरेन्द्र मल्लको पाइएसम्ममा सबभन्दा पछिल्लो लिखत ने. सं. ६८० (वि. सं. १६१७) वैशाखशुक्ल अष्टमीको भएकोले र उनका छोरा तथा उत्तराधिकारी महेन्द्र मल्लको सबभन्दा पहिलो लिखत ने. सं. ६८२ (वि. सं. १६१८) माघशुक्ल दशमीको भएकोले नरेन्द्र मल्लको सबभन्दा पछिल्लो लिखत र महेन्द्र मल्लको सबभन्दा पहिलो लिखतको बीचमा २१ महीनाको मात्र अन्तर पर्न गएको छ ।

\+ + + + + +

श्रीऐश्वर्यधर शर्माको सङ्ग्रहमा रहेको ताडपत्रमा लेखिएको वृषोत्सर्गविधिनाउँको पुस्तकमा रहेको एउटा अतिरिक्त पत्रमा यस्तो टिपिएको छ–

१ सम्वत् ६९४ भाद्रपदशुक्लः ।।तृतीया[१४] ॱ बृहस्पतिवार ॱ थ्व कुन्हु रामसर्ण्न[१५] बिज्याक दिवस श्रीमहेन्द्रमल्ल ।। सहगामिनि ॱ वैमात्रि भवानि ।। वैमात्रि शान्ता ।। दुयिनि ॱ ।। हेरा ।।

(मेडिईभल् नेपाल् २ भागको ४२ पृष्ठमा यो वाक्य छापिएको छ । यस वाक्यलाई मूलसँग रुजु गरी अहिले यहाँ दिइएको छ । मेडिईभल् नेपाल्मा परेका अशुद्धिलाई टिप्पणीमा दिइएको छ ।)

श्रीडिल्लीरमण रेग्मीले यस वाक्यको विषयमा यस्तो लेख्नुभएको छ–

अकर्ड्इङ टु द नोट्इङ अफ् द म्यान्युस्क्रिप्ट् वृषोत्सर्गविधि याज् अबभ् साइट्इड्, ही डाइड् अन् भाद्रपद शुक्ल त्रितीया बृहस्पतिवार अफ् ६९४ (सेप्टेम्बर्, १५७४) । द सेम् सोर्स् सेज् द्याट् विद् हिज् डेड् बड्इ वेर् बर्न्ट् हिज् हाफ् सिस्टर्ज् (वैमात्रि) बाइ नेम् भवानी यान्ड् शान्ता, यान्ड् अद्अर्ज् दुयिनी यान्ड् हेरा । प्रब्अब्लि द लास्ट् टू वेर् हिज् मिस्ट्रेस्इस् ।

(मेडिईभल् नेपाल् २ भागको ४३ पृष्ठ)

[लिखोट पुस्तक वृषोत्सर्गविधिमा टिपिएको टिपोट माथि उद्धरण गरिएको छ । त्यसअनुसार ने. नं. ६९४ भाद्रपदशुक्ल तृतीया बृहस्पतिवार (ई. सं. १५७४ सेप्टेम्बर = वि. सं. १६३१ भाद्र) मा उनको (महेन्द्र मल्लको) मृत्यु भयो । उनका भवानी र शान्ता नाउँ भएका सौताने दिदीबहिनी (वैमात्रि) र अरू दुयिनी र हेरा उनको साथ सती गए भन्ने कुरा पनि त्यहाँ लेखिएको छ । दुयिनी र हेराचाहिँ उनका भित्रेनी होलान्[१६] ।]

---

१४. संवत् ६९४ भाद्रपद शुक्ल ११ त्रितियायाम् तिथौ ।

१५. रामसर्ण ।

१६. सतीप्रथाको विषयमा लेख्दाखेरि पनि रेग्मीजीले महेन्द्र मल्लसँगै उनका दिदी बहिनी सती गए भनी

वृषोत्सर्गविधिमा टिपिएको माथिको वाक्यको आधारमा रेग्मीजीले महेन्द्र मल्लसँगै 'उनका दुइजना सौताने दिदीबहिनी पनि सती गए भनी लेख्नुभएको छ । हुन पनि सो वाक्यमा सहगामिनि वैमात्रि भवानि ।। वैमात्रि शान्ता भनी स्पष्ट लेखिएकोले विमाता (सौताने आमा) की छोरीलाई वैमात्रि भन्ने शब्दले बुझाएको जस्तो देखिन्छ । तर दाजुभाइ मर्दा दिदीबहिनी सती जानु अलि अनौठो कुरा भएकोले यस विषयलाई खोतल्नुपरेको छ ।

लोग्ने मर्दा स्वास्नी सती गए जस्तै कहिलेकहीँ मृतककी आमा र नोकरचाकर पनि मृतकसँगसँगै डढेर मरेका उदाहरण इतिहासमा नपाइने होइनन् । प्रताप मल्लका एकजना छोरा भाकुतु वि. सं. १७३६ मा मर्दा उनकी स्वास्नी सती गएको र उनकी आमा पनि डढेर मरेको कुरा तात्कालिक टिपोटबाट बुझिन्छ[१७] । गोरखाका राजा नरभूपाल शाहको वि. सं. १७९९ मा मृत्यु हुँदा[१८] उनकी एकजना रानी

---

लेख्नुभएको छ–

आइ शुड् याड् होर् द्याट् नट् ओन्लि द वाइभ्ज् वेर् बर्न्ट् अलङ विद् द डिसीस्ड् हज्बन्ड् बट् इन् अ फ्यू केसइज् सिस्टर्ज् यान्ड् मद्अर्ज् अफ् द डेड् वन् अल्सो आर् सीन् टु ह्याभ् जम्प्ड् अप्न् द फाइर् टु फल्ओ हिम् । वन् अफ् महेन्द्रमल्ल'ज् डक्युमन्ट्स् (एन्. ६) शोज् हिज् सिस्टर्ज् बर्न्इङ देम्सेल्भ्ज् विद हिज् डेड् बड्इ, ह्वाइल् अकअर्ड्इङ टु द क्रन्इक्ल् किङ विश्वजितमल्ल'ज् मद्अर् ह्याड् एन्टर्ड् इन्टु हर् सन्'ज् फ्यूनर्अल् पाइर् ।

(मेडिईभल् नेपाल् २ भागका ७१३–७१४ पृष्ठ)

[लोग्ने मर्दा खालि स्वास्नीहरू मात्र सती जाने नभई आकलझुकल मृतकका दिदीबहिनी र आमाहरू पनि मृतकसँगै डढेर मर्थे भन्ने कुरा मैले यहाँ थप्नुपर्छ । महेन्द्र मल्लका लिखतमध्ये एउटा (६ सङ्ख्या) बाट उनका दिदीबहिनीहरू उनको लाशसँगै डढेका थिए भन्ने देखिन्छ र वंशावलीअनुसार राजा विश्वजित् मल्लकी आमा आफ्नो छोराको चितामा पसेकी थिइन् ।]

१७. १ सं ८०० पौषकृष्ण: ।। नवमी, बृहस्पतिवार, थ्व कुन्हु, प्रताप मल्ल राजाया काय रओत, भाकुतु मोक दिन ।। भाकुतुया, मामं, करात माधेजुया ह्मचाचं मि बिस्य वंङ जुरो ।।

(चन्द्रमान जोशीसँग रहेको ठ्यासफुबाट)

[ने. सं. ८०० (वि. सं. १७३६) पौषकृष्ण नवमी बृहस्पतिवारको दिन राजा प्रताप मल्लका मठ्याहा छोरा भाकुतुको मृत्यु भयो । भाकुतुकी आमा र स्वास्नी (माधेजुकी छोरी) सती गए । ]

(वि. सं. २०२४ मा संशोधन–मण्डलद्वारा रचित तथा प्रकाशित इतिहास–संशोधन ६४ क्रमागत सङ्ख्याको ६ पृष्ठ)

१८. नरभूपाल शाहको मृत्यु वि. सं. १७९९ रामनवमीको दिन चैत २५ गते भएको हो । (वि. सं. २०३२ मा प्रकाशित पूर्णिमा ३३ अङ्कमा छापिएको दिनेशराज पन्तको गोरखाली राजाहरूका राज्यकाल भन्ने निबन्ध, सो अङ्कको ३५ पृष्ठ)

सती गएको र उनको एकजना नोकरले विरहमा प्राणत्याग गरेको कुरा वंशावलीमा लेखिएको छ[१९]। वि. सं. १८१७ मा पाटनका राजा विश्वजित मल्लको मृत्यु हुँदा उनको लाशसँगै उनकी आमा पनि डढेर मरेको कुरा वंशावलीमा लेखिएको छ[२०]।

पाण्डुरङ्ग वामन काणेको धर्मशास्त्रको इतिहासमा छोरा मर्दा आमा र मालिक मर्दा नोकरचाकर डढेर मरेका तीनवटा उदाहरण भारतको इतिहासबाट खोजी दिइएको छ[२१]। थानेश्वरका राजा प्रभाकरवर्धनको वि. सं. ६६३ तिर मृत्यु हुँदा[२२] मालिकको विरह खप्न नसकी उनका केही भृत्यहरू चितामा हामफालेर मरेको बयान

---

१९. वहांदेखिन् श्री ५ महाराजा नरभूपाल साहलाइ बिराम बढदै आयो र गण्डिको बुङकोटघाटमा जलाश्रय चलाउदा भया. दानपुण्य गरि २६ वर्ष राज्य भोग्य गरि परमधाम हुनुहुदो भयो. श्री ५ कान्छा महारानी पनि सहगामिनो हुनुहुदो भयो. एउटा केटो पनि स्त्रीको स्वामि, सेवकको षामिद भन्याका प्राणका मालिक हुन् भनि प्राणत्याग गर्‍यो.

(गोरखावंशावलीबाट)

(वि. सं. २०२५ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित, पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य, दिनेशराज पन्तको श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ६४९ पृष्ठ)

२०. विश्वजित् मल्ल राजाले ... संवत् ८८० (वि. सं. १८१७) भाद्रवदि १४ का दिन प्राणत्याग गर्‍या।...
राजाको मरण भयापछि उनकी माताले बहुतै विलाप गरी रोई झ्यालमा बसी प्रजाहरूकन क्या भनिन् कि हे प्रजाहो, मेरो पुत्र महाराजलाई यहाँसम्मको आपद् आइपर्दा क्या हेरिरह्यौ भन्दा पनि केही उत्तर नदिई चूप लागिरह्या। ती प्रजाहरूकन औसरमा बात नआओस् भनी सरापी आफू छोराको संसर्ग गरी सती जानाकन सती बसिन्।

(भाषावंशावलीबाट)

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ८२१–८२२ पृष्ठ)

२१. वि. सं. २०३१ मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित पाण्डुरङ्ग वामन काणेको हिस्टरि अफ् धर्मशास्त्र ( धर्मशास्त्रको इतिहास ) २ भाग १ खण्डको दोस्रो संस्करणका ६२९–६३० पृष्ठ। त्यहाँ ग्रन्थका नाउँ दिई स्थलनिर्देश मात्र गरिएको छ, मूल वाक्य दिइएका छैनन्।

२२. प्रभाकरवर्धनका छोरा हर्षवर्धनको नाउँमा हर्षसंवत् वि. सं. ६६३ देखि चलेकोले (वि. सं. १९७० मा अक्सफोर्डबाट अक्सफोर्ड युनिभर्सिटी प्रेसद्वारा प्रकाशित भिन्सेन्ट अर्थर स्मिथको दि अर्लि हिस्टरि

प्रभाकरवर्धनका छोरा हर्षवर्धनका दरबारिया कवि बाणले आफ्नो हर्षचरितमा लेखेका छन्[२३] । वि. सं. ११३८ मा

अफ् इन्डिअ (भारतको प्राचीन इतिहास) को तेस्रो संस्करणको ३३८ पृष्ठ] वि. सं. ६६३ तिर प्रभाकरवर्धनको मृत्यु भएको अनुमान गरिएको हो ।

२३. . . . अपुनरुन्मीलनाय निमिमील राजसिंहो लोचने । . . .

अस्मिन्नेवान्तरे पूषापि . . . तेजसा व्ययुज्यत । . . .

एवं च . . . विशति गिरिगुहागह्वरं गभस्तिमालिनि, . . . निर्वात्यातपे, . . . श्यामायमानायां भुवि, . . . प्रवृत्तायां सन्ध्यायां, पूर्वस्यां दिशि दृश्यमाने चन्द्रमसि, नरेन्द्रः स्वयं समर्पितस्कन्धैर्गृहीत्वा शवशिबिकां . . . सामन्तैः पौरैश्च पुरोहितपुरस्सरैः सरितं सरस्वतीं नीत्वा नरपतिसमुचितायां चितायां हुताशसत्क्रियया यशःशेषतामनीयत ।

देवोऽपि हर्षः पुञ्जीभूतेन सकलेनेव जीवलोकेन लोकेन राजकुलसम्बद्धेनाशेषेण शोकमूकेन परिवृतो . . . निर्व्यवधानायां धरण्यामुपविष्ट एव तां निशीथिनीम् . . . अखिलां सराजको जजागार ।

ततो . . . दिवमारूढे सवितरि . . . चचाल चापस्नानाय देवो हर्षः । . . . अगाच्च सरस्वतीतीरम् । तस्यां स्नात्वा पित्रे ददावुदकम् । अपस्नातश्चानिष्पीडितमौलिरेव परिधायोद्गमनीयदुकूलवाससी निःश्वासपरो निरातपत्रो निरुत्सारणः समुपनीतेऽपि सप्तौ चरणाभ्यामेव . . . भवनमाजगाम ।

राजवल्लभास्तु भृत्याः सुहृदः सचिवाश्च तस्मिन्नेवाहनि निर्गत्य प्रियं पुत्रदारमुत्सृज्योद्बाष्पैर्बन्धुभिर्वार्यमाणा अपि बहुनृपगुणगणहृतहृदयाः केचिदात्मानं भृगुषु बबन्धुः, केचित् तत्रैव तीर्थेषु तस्थुः, केचिदनशनैरास्तीर्णतृणकुशा व्यथमानमानसाः शुचमसमामशमयन्, केचिच्छलभा इव वैश्वानरं शोकावेगविवशा विविशुः . . .

(हर्षचरित ५ उच्छ्वास)

[फेरि आँखा नखोल्ने गरी महाराजले (प्रभाकरवर्धनले) आँखा चिम्लनुभयो ।

यसै बीचमा सूर्यको पनि तेज गयो । . . .

यसरी सूर्य पहाडको गुफाभित्र पसे । घाम निभ्यो । पृथ्वीमा कालो छाउँदै गयो । साँझ पऱ्यो । पूर्व दिशामा चन्द्रमा देखिए । अनि पुरोहितलाई अघि लाएर सामन्त र पौर (शहरियाहरूका नाइके)-हरूले राजाको लाश हालेको पालकीलाई आफआफैले काँध दिएर बोकी सरस्वती नदीमा पुऱ्याए । त्यहाँ राजासुहाउँदो चितामा राजाको दाह गरियो । अब उहाँको कीर्ति मात्र बाँकी रहन गयो ।

काश्मीरका राजा अनन्तको मृत्यु हुँदा उनको सती गएकी रानी सूर्यमतीको विरह खप्न नसकी उनका दुइजना नोकर, तीनजना केटी र श्मशानसम्म उनको डोली बोकेर आउने डोलेहरूमध्येबाट एकजनासमेत गरी छजना मरेको कुरा कश्मीरका प्रसिद्ध ऐतिहासिक कल्हणले आफ्नो राजतरङ्गिणीमा लेखेका छन्[२४]। कश्मीरका राजा हर्ष

---

महाराज हर्षलाई दरबारसँग सम्बन्ध भएका सबै मानिसहरूले घेरेर बसे। त्यहाँ यति मानिस कुम्मिएका थिए कि सारा संसार त्यहाँ थुप्रिए जस्तो भान पर्थ्यो। शोकले गर्दा ती मानिसहरू केही पनि नबोलेर बसिरहेका थिए। केही पनि नओछ्याएको खाली भुइँमा बसेर त्यो रात अरू राजारजौटाहरूसँगै महाराज हर्षले छर्लङ्ग काट्नुभयो।

अनि सूर्यनारायण आकाशमा चढेपछि महाराज हर्ष खल्को हाल्न जानुभयो। सरस्वती नदीको किनारामा उहाँ जानुभयो। त्यहाँ नुहाएर उहाँले बुबालाई पानी दिनुभयो। खल्को हालेको कपाल ननिचोरीकनै उहाँले पछ्यारेको रेशमी उपर्ना र धोती पहिरनुभयो। लामो सास फेर्दै छाता नओढीकनै बाटोमा मानिसहरू नहटाईकनै घोडा ल्याइराखेको भए पनि पैदलै हिंडेर उहाँ दरबार फर्कनुभयो।

राजाको मन परेका नोकरचाकर, साथीभाइ, मन्त्रीहरू पनि त्यही दिन निस्केर प्यारा जहानबच्चाहरूलाई छोडेर, रोइरहेका आफन्तहरूले रोवदा रोवदै पनि केही भीरबाट फालहालेर मरे; केही त्यहीं घाटमा बसे; दुःखी मन भएका केहीले अनशन गरेर घाँस र कुश ओछ्याएको भुइँमा बसी बेजोडको शोकलाई शान्त पारे; शोकको आवेगले गर्दा विवश भएका केही सलह झैं आगोमा पसे।]

२४: वत्सरे सप्तपञ्चाशे पौर्णमास्यां स कार्तिके।
विजयेशाग्रतो राजा जीवितेन व्ययुज्यत ।।४५२।। . . .
उत्थितैव ततो भूत्वा स्वयमात्तलता सती।
प्रातिहार्यं व्यधाद् भर्तुः कारयन्त्यन्तमण्डनाम् ।।४६१।।
सादिनां शतमादिश्य नप्तुस्तत्रैव रक्षणे।
सा पुनः शिबिकारूढमथ प्रास्थापयत् पतिम् ।।४६२।।
क्षपामेकां दिनार्धं च स्थित्वैवं पतिदेवता।
प्रणम्य विजयेशानं युग्यारूढा विनिर्ययौ ।।४६३।।
निर्यान्तौ वीक्ष्य तौ प्रेततूर्यकल्लोलमिश्रितैः।
लोकस्याक्रन्दतुमुलैर्भग्ना इव दिशोऽभवन् ।।४६४।।
राज्ञां वितीर्णस्कन्धानां मरुल्लोलाः शिरोरुहाः।
विमानस्थस्य नृपतेरवहंश्चामरश्रियम् ।।४६६।।

पश्यन्ती पश्चिमां सेवां सैन्यानां नृपतिप्रिया ।
अस्ताभिलाषिणि दिने प्रपेदे पितृकाननम् ।।४६७ ।।
एवं विशुद्धशीलत्वं संप्रकाश्य शुचिस्मिता ।
कर्णीरथाददाज्झम्पां ज्वलिते जातवेदसि ।।४७८।।
गङ्गाधरष्टविकबुद्धो युग्यवाहश्च दण्डकः ।
तावुद्दा नोनिका वल्गा चेति दास्यस्तदान्वयुः ।।४८१।।

(राजतरङ्गिणी ७ तरङ्ग)

[संवत् ५७ अर्थात् लौकिकसंवत् ४१५७ (वि. सं. ११३८)[1] कार्तिकपूर्णिमाको दिन विजयेश्वरको मन्दिरको अगाडि ती राजाको (अनन्तको) प्राण गयो ।।४५२।।

त्यसपछि ती पतिव्रता (सूर्यमती) उठिन् र लोग्नेको अन्तिम संस्कारको सिङ्गार गराई आफैंले लट्ठी लिएर तिनले द्वारेको काम गरिन् ।।४६१।।

अनि त्यहीं नातिको रक्षाको लागि सयजना रिसल्लालाई अह्राई तिनले लोग्नेको लाशलाई पालकीमा हालेर पठाइन् ।।४६२।।

एक रात र आधा दिन यसरी बसेर विजयेश्वरको दर्शन गरी ती पतिव्रता डोली चढेर निस्किन् ।।४६२।।

राजाको लाश र रानी निस्केको देखी डाँको छोडेर रोएका दुनियाँहरूको आवाज मृत्युसंस्कार गर्दा बजाइने बाजाको आवाजसँग मिसिएर दिशाहरू फुटे जस्ता भए ।।४६४।।

राजाको लाशलाई काँध दिएका राजारजौटाहरूको कपाल हावा लागी खजमजिँदा पालकीमा राखिएका राजालाई चमरले हम्के जस्तो देखियो ।।४६६।।

सैनिकहरूको अन्तिम सेवा हेर्दै दिन डुब्ने लागेको बेलामा रानी श्मशानमा पुगिन् ।।४६७।।

यसरी आफ्नो पवित्र चरित्रलाई देखाएर मुसुक्क हाँसी रानीले डोलीबाट ओर्ह्लो बलिरहेको आगोमा हामफालिन् ।।४७८।।

१. राजतरङ्गिणीमा लेखिएको संवत् कलिगतवर्ष २५ हुँदा चलेको संवत् हो, यस संवत्को नाम लौकिकसंवत् हो [वि. सं. २०१८ मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित मार्क ओरेल स्टीनको कल्हण' ज् राजतरङ्गिणी अ क्रनिकल् अफ् द किङज् अफ् कश्मीर् [कल्हणको राजतरङ्गिणी अर्थात् कश्मीरका राजाहरूको वृत्तान्त] को १ भागको उपोद्घात दोस्रो संस्करणका ५८–५९ पृष्ठ] । कलिगतवर्षमा ३०४४ घटाएपछि विक्रमसंवत् आउँछ [वि. सं. २०१९ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको इतिहास–संशोधनको प्रमाण–प्रमेय (मूल भाग) को ६७ पृष्ठ] । यस कारण यहाँ दिइएको संवत् अर्थात् लौकिकसंवत्मा ३०४४–२५ =३०१९ घटाएपछि विक्रमसंवत आउँछ ।४१५७–३०१९ =११३८ ।

(वि. सं. ११४६–११५८)[२५] का एकजना मन्त्री आनन्द मारिँदा उनकी आमा गज्जा चितामा हामफालेर मरेको कुरा पनि कल्हणले आफ्नो राजरङ्गिणीमा लेखेका छन्[२६] ।

यसरी नेपाल र भारतको इतिहास केलाएर हेर्दा पनि छोरा मर्दा आमा र मालिक मर्दा नोकरचाकर मात्र चितामा डढेर मरेका उदाहरण भेट्टाइएकाले महेन्द्र मल्ल मर्दा उनका दिदीबहिनी पनि सती गए भनी श्रीडिल्लीरमण रेग्मीले लेख्नुभएको कुरालाई सकार्न अलि अप्ठ्यारो पर्न गएको छ ।

महेन्द्र मल्लले कोटिलिङ्गेश्वरको[२७] स्थापना गर्दा खेलाइएको, त्यसै ताका बनाइएको रामायणनाटक[२८]-बाट हाम्रो प्रश्नको उत्तर खोज्न सजिलो पर्ने हुनाले सम्बद्ध अंशलाई यहाँ उतार्नुपरेको छ–

---

त्यस वेला गङ्गाधर, टक्किबुद्ध, डोली बोक्ने दण्डक, तावुद्दा नोनिका र वल्गा नाउँ गरेका केटोहरू पनि पछि लागे ।।४८१।।]

२५. हर्षका बाबु कलशको मृत्यु लौकिकसंवत् ४१६५ मा भएको (राजतरङ्गिणी ७ तरङ्ग ७२३ श्लोक) र हर्षलाई लौकिकसंवत् ४१७७ मा मारेकाले (राजतरङ्गिणी ७ तरङ्ग १७१७ श्लोक) माथि हर्षको राज्यकाल वि. सं. ११४६–११५८ भनी लेखिएको हो ।

२६. उच्चलेन ततो रक्ष्यमाणमप्यार्द्रचेतसा ।
प्राप्तं जनकचन्द्राद्या निर्जघ्नुर्मण्डलेश्वरम् ।।१३७५।।
स्वामिकृत्योद्यमस्तुत्यसूतिषु स्त्रीषु पूज्यताम् ।
गज्जा तज्जननी स्वस्य नमस्यन्त्यविशच्चिताम् ।।१३८०।।

[अनि उच्चलले दया गरेर रक्षा गर्दा गर्दै पनि आइपुगेका मण्डलेश्वरलाई (आनन्दलाई) जनकचन्द्रहरूले मारे ।।१३७५।।

मालिकको काममा उद्योग गर्नाले तारीफ गर्न लायक छोरा जन्माउने स्त्रीहरूमध्ये आफ्नो सर्वश्रेष्ठतालाई नमस्कार गर्दै तिनकी (आनन्दकी) आमा गज्जा चितामा पसिन् ।।१३८०।।]

२७. कोटिलिङ्गेश्वरको मन्दिर हनूमान्ढोका ठानाको पूर्वपट्टि, काकेश्वरको मन्दिरको पश्चिमपट्टि छ । हनूमान्-ढोका राजदरबारका ७७–७८ पृष्ठमा कोटिलिङ्गेश्वरको मन्दिरको विषयमा लेखिएको छ ।

२८. १ ओं नमो नाटचेश्वराय ।।
महाराजाधिराज ˎ श्रीश्रीजयेमहेन्द्रमल्लदेवप्रभुठाकुलस्य विजयराजेस ˎ कोटिलिंग कोटिशिव स्थापनाथातं रामायणनृत्ये द्वयका ।।

(श्रीधर्मरत्न वज्राचार्यको सङ्ग्रहमा रहेको ठ्यासफुमा लेखिएको रामायणनाटकबाट)

[नाटचेश्वरलाई नमस्कार ।

महाराजाधिराज श्रीश्रीजयमहेन्द्र मल्लदेव प्रभु ठाकुरको विजयराज्यमा कोटिलिङ्ग कोटिशिवको स्थापनाको लागि रामायणनाच बनाइयो । ]

तरनिवंशमणि सूर्यमल्लदेव,
तनय श्रीनरेन्द्रमल्लदेव, २ लखिमादेवी मनोहरा, ।
तनय श्रीरूपनारायण, अवताल श्रीमहेन्द्रमल्लदेवनरेश्वरा, रूप मदनसमसुंदरा ।।
श्रीमानेश्वरीवरनिर्जितरिपुगणसकरनृपसेवितचरणा, ।
दानकिरतिकर्ण्ण मण्डितगुणिगण नितिविद्यासत्वविभूषणा ।।
जयन्तिदेवी, मंगलादेवी, भवानिदेवी, दुल्लवलक्ष्मी, दुयिनीलक्ष्मी, लक्ष्मी लक्ष्मीपति, ।
तनयवर श्रीसदाशिवमल्लदेव जुवराज धीर, जय जय रविसंभवा ।। ० ।।

[सूर्यवंशका रत्न सूर्यमल्लदेव । (उहाँका) छोरा श्रीनरेन्द्र मल्लदेव । रान्नी लखिमादेवी । (उहाँका) छोरा, रूपमा नारायणका अवतार, कामदेव जस्ता राम्रा, श्रीमानेश्वरीको वरले जितिएका सबै राजाहरूले पाउको सेवा गरिएका, दान गर्नाले कर्णको कीर्ति पाएका, गुणीहरूले सिँगारिएका, नीति विद्या बलले सिँगारिएका, लक्ष्मी जस्ता जयन्तीदेवी, मङ्गलादेवी, भवानीदेवी, दुल्लवलक्ष्मी, दुयिनीलक्ष्मी र लक्ष्मीका पति राजा श्रीमहेन्द्र मल्लदेव । उहाँका असल छोरा, सूर्यवंशमा जन्मेका धीर युवराज श्रीसदाशिव मल्लदेवको जय जय होओस् । ]

माथिको यस अंशबाट महेन्द्र मल्लका जयन्तीदेवी, मङ्गलादेवी, भवानीदेवी, दुल्लवलक्ष्मी, दुयिनीलक्ष्मी र लक्ष्मी नाउँका रानी थिए भन्ने बुझिन्छ ।

वृषोत्सर्गविधिमा भवानी, शान्ता, दुयिनी र हेरा महेन्द्र मल्लको सती गए भनी टिपिएको र यी चारजना सतीमध्ये भवानी र दुयिनीको नाउँ रामायणनाटकको माथि उद्धरण गरिएको अंतमा परेको महेन्द्र मल्लका रानीहरूको नामसूचीमा पनि आएकोले वैमात्रि भन्ने विशेषण लगाए पनि भवानी उनकी सौताने दिदी वा बहिनी नभई उनकी रानी हुन् भन्ने देखिन्छ ।

त्यसो भए तापनि भवानीलाई वैमात्रि भन्ने विशेषण किन लगाएको होला भन्ने प्रश्न उठ्न सक्छ । अब यस विषयमा अलि गहिरिएर विचार गर्नुपरेको छ ।

श्रीगौतमवज्र वज्राचार्यले ने. सं. ६९९ (वि. सं. १६३६) आषाढशुक्ल प्रतिपदाको एउटा अभिलेख छपाउनुभएको छ । सो अभिलेखको उहाँले पढ्नुभएको पाठ यस प्रकारको छ–

१. . . . . मल्लस्य जननी श्रीजयन्तिका ।। अचिकरत्सप्रतिमं सा मठं शिवतुष्टये ।। अन्नं महेन्द्रमल्लेन वीरशैवाय कल्पितं एतन्मठनिवासिभ्यस्तत्तया दीयते . . . .
२. शुचौ शुक्लप्रतिपदि गुरुपुष्ये प्रतिष्ठितं ।।
३. नेपालीयगते वर्षे नन्दरंध्ररसान्विते ।।

(हनूमान्ढोका राजदरबारको १९७ पृष्ठ)

श्रीगौतमवज्र वज्राचार्यले यस अभिलेखको विषयमा यस्तो लेख्नुभएको छ–

हनूमान्ढोकाबाट मखन जाने दोबाटोमा पश्चिमपट्टि कालिकाको मन्दिरसँगै महेन्द्र मल्लकी आमा जयन्तिकाले स्थापना गरेको उमामहेश्वरको मूर्ति प्राप्त भएको छ। त्यस मूर्तिको पादपीठमा कुँदिएको वि. सं. १६३६ को अभिलेखमा रानी जयन्तिकाले मठ बनाई खेत गुठी राखेको वर्णन छ।

(हनूमान्ढोका राजदरबारको १९ पृष्ठ)

महेन्द्र मल्लले छोरा सदाशिव मल्ललाई युवराज बनाएका थिए भन्ने कुरा रामायणनाटकको माथिको अंशबाट बुझिन्छ। सदाशिव मल्लबाहेक उनका अरू दुइ जना छोरा शिवसिंह र रणजित्सिंहको उल्लेख पनि सोही नाटकमा आएको छ[२९]। ने. सं. ६९४ (वि. सं. १६३१) भाद्रशुक्ल तृतीयामा महेन्द्र मल्लको मृत्यु भएपछि गद्दीमा सदाशिव मल्ल बसेका देखिन्छन्। राजाको रूपमा उनको पाइएसम्ममा सबभन्दा पहिलो लिखत ने. सं. ६९६ (वि. सं. १६३३) चैत्रकृष्ण अष्टमीको[३०] र सबभन्दा पछिल्लोचाहिँ ने. सं. ७०१ (वि. सं. १६३७) पौष-शुक्ल अष्टमीको[३१] छ। शिवसिंहको चाहिँ राजाको रूपमा पाइएको सबभन्दा पहिलो लिखत ने. सं. ६९८ (वि. सं. १६३५) ज्येष्ठपूर्णिमाको[३२] छ। शिवसिंहको दोस्रो लिखतचाहिँ ने. सं. ६९९ (वि. सं. १६३५) फाल्गुन-शुक्लको[३३] छ। राजाको रूपमा शिवसिंहको तेस्रो पटक ने. सं. ७०६ (वि. सं. १६४२) पौषकृष्ण अष्टमीमा उल्लेख आउँछ[३४]। राजाको रूपमा सदाशिव मल्लको सबभन्दा पछिल्लो उल्लेख ने. सं. ७०१ (वि. सं. १६३७) पौषशुक्ल अष्टमीको भएकोले शिवसिंहको पालाका पहिला र दोस्रा लिखतबाट सदाशिव मल्ल गद्दीमा छँदै शिवसिंहको पनि राज्यमा दाबी भएको देखिन्छ।

श्रीगौतमवज्र् वज्राचार्यले छपाउनुभएको माथिको अभिलेखको समय ने. सं. ६९९ (वि. सं. १६३६) आषाढशुक्ल तृतीयाको भएकोले यसको समय शिवसिंहको दोस्रो लिखतको समयभन्दा चार महीना जतिपछिको देखिन्छ। सदाशिव मल्लको पालाको ने. सं. ७०० (वि. सं. १६३७) आषाढशुक्ल दशमीको लिखत पाइएकोले[३५] श्रीवज्राचार्यले छपाउनुभएको अभिलेखको समय सो लिखतको समयभन्दा वर्ष दिन जतिअगाडिको देखिन्छ। यति लेखनाको तात्पर्य ने. सं. ६९९ (वि. सं. १६३६) आषाढशुक्ल प्रतिपदामा जयन्तिकाले अभिलेख राख्दा काठमाडौँको गद्दीमा सदाशिव मल्ल र शिवसिंह मल्ल दुवैजना दाजुभाइको दाबी थियो भन्ने हो।

---

२९. पूर्णिमाको यही अङ्कमा छापिएको शिवसिंहसँगै देखिएका रणजितसिंह को हुन्? भन्ने मेरो निबन्ध

३०. मेडिईभल् नेपाल् २ भागको ४५ पृष्ठ

३१. मेडिईभल् नेपाल् २ भागको ४६ पृष्ठ

३२. मेडिईभल् नेपाल् २ भागको ४६ पृष्ठ

३३. मेडिईभल् नेपाल २ भागको ४६ पृष्ठ

३४. मेडिईभल् नेपाल् २ भागका ४६–४७ पृष्ठ

३५. मेडिईभल् नेपाल् २ भागको ४६ पृष्ठ

ने. सं. ६९९ (वि. सं. १६३६) को माथि उद्धरण गरिएको अभिलेखमा राजाको नाम छैन । पहिलो श्लोकका पाँच अक्षर नदेखिएकाले जयन्तिका कसकी आमा हुन् भनी भन्न सकिँदैन तापनि दोस्रो श्लोकमा महेन्द्र मल्लको नाउँ आएकोले श्रीगौतमवज्र वज्राचार्यले जयन्तिका महेन्द्र मल्लकी आमा हुन् भनी अनुमान गर्नुभएको देखिन्छ । श्रीवज्राचार्यले अनुमान गरेअनुसार पादपूरण गर्दा पहिलो श्लोकको रूप यस्तो बन्न जान्छ—

[श्रीश्रीमहेन्द्र]मल्लस्य जननी श्रीजयन्तिका ।
अचि(चो)करत्सप्रतिमं सा मठं शिवतुष्टये ।।

श्रीगौतमवज्र वज्राचार्यले सो अभिलेखको पाठ छपाउँदा नपढ्नुभएका ती अक्षर साँच्चिकै फुटेकै हुन् कि खिइएर पढ्न नसकिने भएका हुन् भन्ने कुरा उहाँको लेखाइबाट नखुलेकोले ती अक्षर नफुटी खिइएका मात्र भए अलि मिहिनेत गरेको खण्डमा पढ्न सकिन्छ कि, पढ्न सकेको खण्डमा जयन्तिका कुनचाहिँ मल्लकी आमा हुन् भन्ने कुरा खुल्थ्यो भन्ने आशाले अहिले म र श्रीऐश्वर्यधर शर्मा सो अभिलेख हेर्न गयौं। तर श्रीवज्राचार्यले नपढ्नुभएका ती अक्षर अभिलेखमा फुटेकै ठहरिएकाले यस अभिलेखबाट जयन्तिकाका छोराको नाउँ टुङ्गो लाउने हाम्रो आशा पूरा नहुने भए तापनि यहाँसम्म आएपछि श्रीवज्राचार्यले छपाउनुभएको पाठलाई ढुङ्गासँग रुजु गरी जानु जाती होला भन्ने विचारले रुजु गर्दा उहाँको पाठमा दुइ ठाउँमा विरामचिह्न र एक ठाउँमा प्रारम्भचिह्न छुट्नुबाहेक अरू अन्तर पाइएन–

१. – – – – – मल्लस्य ॱ जननी श्रीजयन्तिका ।।
अचि(चो)करत्सप्रतिमं सा मठं शिवतुष्टये ।।
२. अन्नं महेन्द्रमल्लेन वीरशैवाय कल्पितं
एतन्मठनिवासिभ्यस्तत्तया दीयते – –
२. १ शुचौ शुक्लप्रतिपदि गुरुपुष्ये प्रतिष्ठितं ।।
३. नेपालीयगते वर्षे ॱ नन्दरंध्ररसान्विते ।।

रामायणनाटकको माथि उद्धरण गरिएको अंशमा नाउँ परेका महेन्द्र मल्लका रानीहरूमध्ये सबभन्दा पहिले जयन्तीदेवीको नाउँ आएको छ । छन्दमा जयन्ती शब्द नमिलेकोले कविले स्वार्थमा कन् प्रत्यय गरी रामायणनाटकमा उल्लेख गरिएकी महेन्द्र मल्लको रानी जयन्तीदेवीलाई नै यहाँ जयन्तिका शब्दले बुझाएको देखिन्छ । यति कुराबाट यिनी जयन्तिका श्रीगौतमवज्र वज्राचार्यले अडकल लगाए जैं महेन्द्र मल्लकी आमा नभई महेन्द्र मल्लकी रानी हुन् भन्ने कुरा निश्चित हुन्छ । यसो भए तापनि अभिलेखमा उनलाई कुनचाहिँ मल्लकी आमा भनेको हो, सो कुराचाहिँ स्पष्ट गर्न बाँकी नै छ ।

महेन्द्र मल्लका तीनजना छोराहरू सदाशिव मल्ल, शिवसिंह मल्ल र रणजित्सिंह मल्लको नाउँ रामायणनाटकमा परेको कुरा भरखरै माथि लेखिएको छ । शिवसिंह मल्ल र रणजित्सिंह मल्लको नाउँ छन्दमा नमिल्ने हुनाले

र सदाशिव मल्लको नाउँचाहिँ छन्दमा मिल्ने हुनाले यी जयन्तीलाई सदाशिव मल्लकी आमा भनी अभिलेखमा कुँदिएको हो भन्ने देखिन्छ । मेरो अनुमानअनुसार पादपूरण गरिएको अभिलेखको सम्पूर्ण पाठ यस प्रकारको हुन्छ–

[श्रीसदाशिव]मल्लस्य जननी श्रीजयन्तिका ।
अचि(ची)करत्सप्रतिमं सा मठं शिवतुष्टये ।।
अन्नं महेन्द्रमल्लेन वीरशैवाय कल्पितम् ।
एतन्मठनिवासिभ्यस्तत्तया दीयते[धुना] ।।
१ शुचौ शुक्लप्रतिपदि गुरुपुष्ये प्रतिष्ठितम् ।
नेपालीयगते वर्षे नन्दरंध्ररसान्विते ।।

यस पाठको नेपाली अनुवादचाहिँ यस प्रकारका हुन्छ–

[श्रीसदाशिव] मल्लकी आमा उहाँ श्रीजयन्तीले शिवजीलाई प्रसन्न पार्न मूर्तिसमेतको मठ बनाउन लाउनुभयो । महेन्द्र मल्लले वीरशैव सम्प्रदायलाई अर्पनुभएको त्यो अन्न उहाँ (जयन्ती) यस मठमा बस्नेहरूलाई [अहिले] दिनुहुन्छ । ने. सं. ६९९ (वि. सं. १६३६) आषाढशुक्ल प्रतिपदा बृहस्पतिवार पुष्यनक्षत्रमा प्रतिष्ठा गरियो ।

यति कुराबाट महेन्द्र मल्लपछि काठमाडौँको गद्दीमा बसेका, महेन्द्र मल्लका छोरा सदाशिव मल्लकी आमाको नाउँ जयन्ती रहेछ भन्ने स्पष्ट भएको छ । राजमाता जयन्ती सती नगएको कुराचाहिँ सती जानेहरूमा उनको नाउँ नपरेकोले र लोग्ने मरेको पाँच वर्ष जतिपछि उनले लोग्नेले सङ्कल्प गरेको सत्र दिएको बयान परेको माथिको अभिलेखबाट बुझिन्छ ।

मातृ शब्द ऋकारान्त हुनाले सौताने आमालाई बुझाउँदा वि उपसर्ग लगाई विमातृ शब्द बनाइन्छ र रूप चलाउँदा प्रथमा विभक्तिको एकवचनमा विमाता रूप बन्छ । संवत् लेख्नुपर्नेमा सम्वत्, रामशरण लेख्नुपर्नेमा रामसर्ण, सहगामिनी लेख्नुपर्नेमा सहगामिनि, भवानी लेख्नुपर्नेमा भवानि लेख्ने असंस्कृत व्यक्तिले महेन्द्र मल्ल मरेको यो टिपोट गरेको देखिएकोले टिपोट गर्नले राजा सदाशिव मल्लका सौताने आमालाई वैमात्रि शब्दले बुझाएको देखिन्छ । टिपोट गर्नेले टिपोट गर्दा कसका सौताने आमा भनी नखुलाएकाले र विमातृ शब्दको अण्प्रत्ययात्मक भ्रष्टरूप वैमात्रि शब्द प्रयोग गरेकाले अपत्यार्थमा अण्प्रत्यय भएको सम्झी यहाँ परेको वैमात्रि शब्दको अर्थ सौताने दिदीबहिनी भन्ने भ्रम श्रीडिल्लीरमण रेग्मीलाई पर्न गएको देखिन्छ ।

महेन्द्र मल्लको सती जाने चारजना अर्थात् भवानी, शान्ता, दुयिनी र हेरामध्ये दुइजना अर्थात् भवानी र दुयिनीको नाउँ रामायणनाटकमा महेन्द्र मल्लका रानीको रूपमा आएको र ती चारजना सतीमध्ये खालि दुइजना अर्थात् भवानी र शान्ताको नाउँमा मात्र वैमात्रि भन्ने विशेषण लगाइएकोले रामायणनाटकमा दिइएको महेन्द्र मल्लका रानीहरूको नामसूचीमा शान्ताको नाउँ नपरे पनि वैमात्रि विशेषण लगाइएकी शान्ता पनि वैमात्रि विशेषण लगाइएकी भवानी जस्तै महेन्द्र मल्लकी रानी नै हुन् भन्ने देखिन्छ र दुयिनी र हेराचाहिँ श्रीडिल्लीरमण रेग्मीले अनुमान गरे झैँ महेन्द्र मल्लका भित्रेनी हुनुपर्छ ।

अब वृषोत्सर्गविधिमा टिपिएको महेन्द्र मल्लको मृत्युसम्बन्धी वाक्यको वास्तव अर्थ दिई यस निबन्धलाई यहीँ टुङ्ग्याइन्छ–

ने. सं. ६९४ (वि. सं. १६३१) भाद्रशुक्ल तृतीया यो दिन श्रीमहेन्द्र मल्ल रामको शरणमा जानुभएको (स्वर्ग हुनुभएको) दिन हो । सती जाने [राजा सदाशिव मल्लकी] सौताने आमा भवानी, [राजा सदाशिव मल्लकी] सौताने आमा शान्ता, दुयिनी, हेरा ।

✶○★

# शिवसिंहसँगै देखिएका रणजित्सिंह को हुन् ?

–महेशराज पन्त

श्रीडिल्लीरमण रेग्मीले आफ्नो नेपालको मध्यकालको इतिहासमा गोकर्णेश्वरको वि सं १६३८ को अभिलेखमा शिवसिंहसँगै राजाको रूपमा देखिएका रणजित्सिंहको विषयमा यस्तो लेख्नुभएको छ–

यान् इन्स्क्रिप्शन् बिलङ्गइङ टु द रेन् अफ् शिवसिंह ह्याज् अमङ्स्ट् अदर् थिङ्ज्, वाराहकल्पे वैवस्वतमन्वन्तरे एटसेट्र काष्टमण्डपनगरे गोकर्णस्थाने एट्सेट्र यान्ड् अ लिट्ल् ल्याट्अर् स्वस्ति श्री श्री जय शिवसिंहदेव, श्री श्री जय रणजितसिंहदेव उभय ठाकुरस्य विजयराज्ये . . . . . . संवत् ७०३ माघ शुक्ल पञ्चम्याम् तिथौ

हू इज् दिस् रणजीतसिंह ? याज् ही अपीर्ज् टु बी अ को-रूलर् विद् शिवसिंह, ही मस्ट् बी यान् इम्पर्टयान्ट् मेम्बर् अफ् द रइअल् फ्यामिइलि । बट् ही इज् नट् मेन्शन्ड बाइ द क्रनइक्लज् । दिस् मेक्ज् इट् डिफ्इकल्ट् टु यासअर्टेन् हिज् आइडेन्टिटि । रणजीतमल्ल इज् नट् फिगअर् इन् एनइ अदअर् डक्युमन्ट्स् । इट् इज् क्वाइट् लाइक्लि द्याट् ही माइट् ह्याभ् बीन् अ रइअल् परसनेज् लेफ्ट् इन् चार्ज् अफ् दि एरइअ अराउन्ड् गोकर्ण । अर् वज् ही अ यङगर् ब्रदअर् अर् दि एल्डिस्ट् सन् अफ् शिवसिंह, हू ह्याड् डाइड् याट् अ भेरइ अर्लि एज् ?

[वि. सं २०३३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल् (नेपालको मध्यकालको इतिहास) २ भागका ५४–५५ पृष्ठ]

[शिवसिंहको पालाको एउटा अभिलेखमा अरू कुराको सँगसँगै वाराहकल्पे वैवस्वतमन्वन्तरे इत्यादि, काष्टमण्डपनगरे गोकर्णस्थाने[1] इत्यादि र अलिपछि स्वस्ति श्रीश्रीजयशिवसिंहदेव, ...

१. वि. सं. २०२३ मा पटनाबाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको मेडिईभल नेपाल् (नेपालको मध्यकालको इतिहास) ४ भागका ३४–३५ पृष्ठमा यो अभिलेख सम्पूर्ण छापिएको छ । त्यहाँ काष्ठमण्डपनगरेपछि श्री ३ लछिकेशव भट्टारक भन्ने पाठ छापिएको छ, गोकर्णस्थाने भन्ने पद सो अभिलेखमा भएको त्यहाँबाट देखिँदैन ।

श्रीश्रीजयरणजितसिंहदेव उभयठाकुरस्य विजयराज्ये . . . संवत् ७०३ माघशुक्लपञ्चम्याम् तिथौ पनि लेखिएको छ ।

यी रणजीतसिंह को हुन् ? शिवसिंहसँगै यिनले राज्य गरेको देखिएकोले यिनी राजघरानाकै प्रभावशाली मानिस हुनुपर्छ । तर वंशावलीहरूमा यिनको कुरा आउँदैन । यसले गर्दा यिनलाई चिन्न मुश्किल परेको छ । अरू कुनै पनि लिखतमा रणजीतमल्ल देखापर्दैनन् । यिनी गोकर्णतिरको इलाकाको जिम्मा दिइएका राजघरानाका प्रभावशाली मानिस हुनु धेरै सम्भव छ । अथवा यिनी शिवसिंहका भरखरको चढ्दो उमेरमा परलोक भएका भाइ वा जेठा छोरा हुन्? ]

महेन्द्र मल्लले कोटिलिङ्गेश्वरको स्थापना गर्दा खेलाउन त्यसैताका बनाइएको रामायणनाटक[२]-बाट रणजित्सिंह शिवसिंहका भाइ हुन् भन्ने कुरा स्पष्ट भएको छ–

**जय जय श्रीशिवसिंह महामति ॱ भवानिलक्ष्मी ॱ सुररीपति ॱ २**
**अनुजवर श्रीरणजितसिंह रूप कामसमसुंन्दरदेहा ॥**
**गिरिवरनन्दिनी ॱॱ गौरीसदृशा श्रीअमृतादेवी ॱॱ पालितवंशा ॱॱ २**
**दुःखिजनसंलखितकरवरा ॱ जयति कमलाआकाला ॱ ॥ ॥**

[भवानीलक्ष्मी सुररी (?) का पति, ठूलो बुद्धि भएका श्रीशिवसिंहको जय जय । कामदेवको जस्तो राम्रो रूप र शरीर भएका असल भाइ श्रीरणजित्सिंह । हिमालयकी छोरी पार्वती जस्ती, वंशको पालना गरेको, असल हातले दुःखी मानिसहरूको रक्षा गरेकी, लक्ष्मीको जस्तो अनुहार भएको श्रीअमृतादेवीको जय होस् । ]

# के उद्धवसिंहको नाउँ वि. सं. १६२६ पछि र नरसिंहको चाहिँ वि. सं. १६३२ पछि सुनिँदैन त ?

**–महेशराज पन्त**

श्रीडिल्लीरमण रेग्मीले आफ्नो नेपालको मध्यकालको इतिहासमा पाटनका राजा उद्धवसिंहको ने. सं. ६८९ (वि. सं १६२६) पछि र नरसिंहका चाहिँ ने. सं. ६९६ (वि. सं. १६३२) पछि नाउँ

२. पूर्णिमाको यही अङ्कमा छापिएको महेन्द्र मल्लको विषयमा केही कुरा भन्ने कुरा भन्ने मेरो निबन्ध, यही अङ्कको ८४ पृष्ठ

सुनिँदैन भनो लेख्नुभएको छ–

**उद्धवसिंह इज् नो मोर् हर्ड् सिन्स् ६८९ (भाइडो यान्टि, हिज् स्टौली । नरसिंह इज् हर्ड् अफ् ओन्लि वन्स् इन् ६९६ . . .**

[वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीका मेडिईभल् नेपाल् (नेपालको मध्यकालको इतिहास) २ भागको २६७ पृष्ठ ]

[ उद्धवसिंहको नाउँ ने. सं. ६८९ (वि. सं. १६२६) (माथि उनको शिलालेख हेर्नू )[1] देखि सुनिँदैन । नरसिंहका नाउँवाहिँ एकपल्ट ने. सं. ६९६ (वि. सं. १६३२) मा[2] मात्र सुनिन्छ । ]

अब यसको परीक्षा गरिन्छ ।

**. . . सम्वत ६९२ वैशाषशुक्ल २ श्रीश्रीजयनरसिंहदेवठाकुर, श्रीश्रीजयपुरन्दरसिंहदेवठाकुर, श्रीश्रीजयउद्धवसिंहदेवठाकुरसन प्रसादारपा श्रीचंपापुरीस्थाने येलषाटोल डोयचानाम्ने प्रसादीकृतं . . .**

(वि. सं. १६२८ मा नरसिंह, पुरन्दरसिंह र उद्धवसिंहले गरिदिएको ताडपत्र । राष्ट्रिय अभिलेखालयमा रहेको यो ताडपत्र वि. सं. २०२३ मा प्रकाशित पूर्णिमा १२ अङ्कमा छापिएको शङ्करमान राजवंशीको सिद्धिनरसिंह मल्लभन्दा अगाडिका पाटनका शासकहरूका केही ताडपत्र भन्ने निबन्धमा छापिएको छ, पूर्णिमा १२ अङ्कको २० पृष्ठ)

[ने सं (६९२ वि. सं. १६२८) वैशाखशुक्ल द्वितोमा श्राश्रोजयनरसिंहदेव ठाकुर, श्रीश्रीजयपुरन्दरसिंहदेव ठाकुर र श्रोश्रोजयउद्धवसिंहदेव ठाकुरले श्रोचम्पापुरीस्थानमा (चापागाउँमा) येलखाटोलका डोयचा भन्नेलाई निगाह गर्नुभयो । ]

**श्रीमानिगर धम्मीष्ट राजास श्रीनरसिंहदेव त्रिभयं २ नरपतिपालित स्वामि खड्गसिद्धि . . .**

**सम्वत ६९२ थो मे चिङाया ।**

---

१. श्रीरेग्मीले निर्देश गर्नुभएको यो शिलालेख हाल नेपाल राष्ट्रिय सङ्ग्रहालयमा छ । यो अभिलेख ने. सं. ६८९ (वि. सं. १६२६) ज्येष्ठशुक्ल अष्टमीको हो । (वि. सं. २०२० मा काठमाडौँबाट संशोधन–मण्डलद्वारा प्रकाशित रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको अभिलेख–सङ्ग्रह १० भागका ४–६ पृष्ठ )

२. श्रीरेग्मीले निर्देश गर्नुभएको यो शिलालेख पाटन तुँबहिमा छ । यो अभिलेख ने. सं. ६९६ (वि. सं. १६३२) पौषकृष्ण नवमीको हो । [वि. सं. २०१९ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको इतिहास–संशोधनको प्रमाण–प्रमेय (मूल भाग) को १३ पृष्ठ

**श्रीनरसिंहदेव पुरन्द्रसिंहदेव श्रीउधवसिंहदेव त्रिभय स्वामी २ जगतसं आधार . . . सम्वत ६९४**

[ने. सं. ६९२ (वि. सं. १६२८ वा १६२९) र ने. सं. ६९४ (वि. सं. १६३० वा १६३१) मा लेखिएका गीत । यी गीत वि. सं. २०३४ मा काठमाडौँबाट पद्मरत्न तुलाधरद्वारा प्रकाशित झी (हामीहरू) को १७० अङ्कका १–२ पृष्ठमा छापिएको ठाकुरलाल मानन्धरको प्यसः दं मयाक पुलांगु लोकगीत (चार सय वर्षभन्दा पुराना लोकगीत) भन्ने निबन्धमा छापिएका छन् । ]

[धर्मात्मा राजा श्रीनरसिंहदेव आदि तीनजना राजाले पालना गरिएको श्रीमानिगर (पाटन)। मालिकहरूको खड्गसिद्धि । ने. सं. ६९२ (वि सं. १६२८ वा १६२९) मा यो गीत बनाएको। श्रीनरसिंहदेव, पुरन्दरसिंहदेव, श्रीउद्धवसिंहदेव तीनजना मालिक, संसारका आधार। ने. सं. ६९४ (वि. सं. १६३० वा १६३१) ]

**वसुरन्ध्ररसे याते नेपालाब्देषु माधवे ।**
**शुक्ले रवे चतुर्थ्यायां लिपि पूर्णं तदाभवत् ।।**

**राजाधिराजश्रीविक्रमानारायणावतारश्रीश्रीजयनरसिंहदेवभूपालचक्रचूडामणिना पालिते ललि(त)पट्टनमहाराष्ट्रे श्रीभारसिंहात्मजेन करणवंशोद्भवेन विष्णुदाशेन अष्टादशपर्व महाभारत स्वाक्षरेन स्वार्थं लेखकेन लिखितमिदम् ।**

[राष्ट्रिय अभिलेखालयको पहिलो ११५८ सङ्ख्याको महाभारत मोक्षधर्म । यो पुष्पिकावाक्य वि. सं. २०२५ मा काठमाडौँबाट राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित बाबुकृष्ण शर्माद्वारा सम्पादित राष्ट्रियाभिलेखालयस्थहस्तलिखितप्राचीनपुस्तकानाम् बृहत्सूचीपत्रम् (राष्ट्रिय अभिलेखालयमा रहेका पुराना लेखोट पुस्तकहरूको ठूलो सूचीपत्र) ८ भागको २१८ पृष्ठमा छापिएको छ ।]

[ने. सं. ६९८ (वि. सं. १६३५) वैशाखशुक्ल चतुर्थी आदित्यवारका दिन लेखिसिद्धियो। राजाधिराज, पराक्रममा विष्णुका अवतार, राजाहरूमा श्रेष्ठ श्रीश्रीजयनरसिंहदेवले पालना गरिएको ठूलो राष्ट्र ललितपट्टनमा श्रीभारसिंहका छोरा, करणवंशमा जन्मेका विष्णुदासले १८ पर्व महाभारत आफ्नो लागि आफैँले सारे ।]

यसरी ने. सं ६९२ (वि. सं. १६२८ वा १६२९) मा र ने. सं ६९४ (वि. सं. १६३० वा १६३१) मा नरसिंह र पुरन्दरसिंहसँगै उद्धवसिंह पनि राजाका रूपमा देखिएकाले र ने. सं. ६९८ (वि. सं. १६३५) मा राजाको रूपमा नरसिंहको उल्लेख आएकोले ने. सं. ६८९ (वि सं. १६२६) देखि उद्धवसिंहको नाउँ सुनिँदैन र नरसिंहको नाउँचाहिँ एकपल्ट ने. सं. ६९६ (वि. सं. १६३२) मा मात्र सुनिन्छ भनी श्रीडिल्लीरमण रेग्मीले लेख्नुभएको अशुद्ध ठहरिएको छ ।

# आत्मसंशोधन

इतिहास-संशोधनको प्रमाण-प्रमेयको मूल भागको २८२ पृष्ठमा

त्यहाँपछि भूपालेन्द्र मल्ल राजाले अडिल मानसिंहलाई मुख्य काजी गरिदिया।

भन्ने भाषावंशावलीको वाक्य छापिएको छ।

इतिहास-संशोधनको प्रमाण-प्रमेयमा अडिल मानसिंह छापिएको रहेछ, मानसिंह हाम्रा पुर्खा हुन्, उनी भँडेल हुन् भनी श्रीतीर्थलाल नघःभनीले हालै शङ्का उठाउनुभयो। संशोधन-मण्डलको सङ्ग्रहमा रहेको भाषावंशावली श्रीनघःभनीसँगै पल्टाई हेर्दा त्यहाँ

त्यहाँपछि भूपालेन्द्र मल्ल राजाले भडिल मानसिंहलाई मुख्य काजी गरिदिया

(१७५ पृष्ठ)

भन्ने वाक्य देखियो[१] र इतिहास-संशोधनको प्रमाण-प्रमेयमा छापिएको अडिल पद अशुद्ध रहेछ भन्ने सिद्ध भयो।

शङ्का उठाइदिनुभएकोमा श्रीतीर्थलाल नघःभनीलाई हामी धन्यवाद दिन्छौँ।

# शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| ३९ | १६ | लिच्छविकालको | लिच्छविसंवत्को |
| ४१ | १६ | द्वितीयपौषशुक्ल | द्वितीयपौषशुक्ल |
| ५८ | २९ | २३ १। | २३।१ |
| ६९ | ८ | १८, १९, २०, सङ्ख्यामा | १८, १९, २० सङ्ख्यामा |
| ८२ | सबभन्दा माथि | षूर्णिमा | पूर्णिमा |
| ८४ | ८ | तावुद्दा नोनिका | तावुद्दा, नोनिका |
| ८४ | १६ पङ्क्तिपछि | | राजतरङ्गिणी ७ तरङ्ग थप्नुपर्ने |
| ८६ | सबभन्दा माथि | षूर्णिमा | पूर्णिमा |
| ८६ | २३ | शिवसिंहसँगै | शिवसिंहसँगै |

१. वि. सं. २०२३ मा श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग नेपाल राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित देवीप्रसाद लंसालद्वारा सम्पादित भाषावंशावली २ भागको १०० पृष्ठमा पनि भडिलमानसिंह छापिएको छ।

# हाम्रा प्रकाशित कृति

## संशोधन–मण्डलतर्फबाट

| | | |
|---|---|---|
| १. | पूर्णिमा १ देखि ३८ अङ्कसम्म | १३७।५० |
| २. | अभिलेख–सङ्ग्रह १ देखि १२ भागसम्म | ७।५० |
| ३. | इतिहास–संशोधन | १३। |
| ४. | सावधान–पत्र | ६। |
| ५. | विद्या रत्ना | ६। |
| ६. | व्याकरण–संशोधन | ३।५० |
| ७. | पञ्चाङ्ग–संशोधन | ३।५० |

**(यी पुस्तक साझा प्रकाशनको केन्द्र र सबै शाखामा पाइन्छन् ।)**

| | | |
|---|---|---|
| ८. | बुद्धिविनोद्–प्रश्नावली र त्यसको उत्तर | २। |
| ९. | पञ्चाङ्ग–संशोधन (१३–१५ सङ्ख्या) | ।७५ |
| १०. | सावधान–पत्र (१८–२२ सङ्ख्या) | १। |
| ११. | रत्नदीप (छापाखानामा) | |

## नेपाल–सांस्कृतिक–परिषद्तर्फबाट

| | | |
|---|---|---|
| १. | जयरत्नाकरनाटक | ८। |
| २. | त्रिरत्नसौन्दर्यगाथा | १०। |
| ३. | ऐतिहासिक–पत्रसङ्ग्रह (पहिलो भाग) | ४।५० |
| ४. | ऐतिहासिक–पत्रसङ्ग्रह (दोस्रो भाग) | ३।२० |

## जगदम्बा–प्रकाशनतर्फबाट

| | | |
|---|---|---|
| १. | गल्लीमा फ्याँकिएका कसिङ्गर | ६।२५ |
| २. | इतिहास–संशोधनको प्रमाण–प्रमेय | १८। |
| ३. | श्री ५ पृथ्वीनारायण शाहको उपदेश (५ खण्ड) | ४१। |

## त्रिभुवन–विश्वविद्यालय पाठ्यक्रम–विकास–केन्द्रतर्फबाट

१. गोलबोध

२. सुमतितन्त्र (छापाखानामा)

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) का. मे. अ. द. नं. १५५/२४९

कार्यालय–

संशोधन–मण्डल

१०/३७४ वटु सवलबहाल, काठमाडौं, नेपाल

वि. सं. २०३४ चैत्र

यस अङ्कको मूल्य रु. ७।

मुद्रक–

लुष प्रेस

पुलचोक, ललितपुर, नेपाल